मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

आवश्यकता
वेटर (Waiter) :- ४ जना
रिसेप्सन (Frong Deskt) :- ४ जना
किचेन हेल्पर :- ४ जना
एकाउन्टेण्ट :- १ जना
कुक :- २ जना
(जनकपुरको लागि)
खान र बस्नको व्यवस्था गरिएको छ।
सम्पर्क नं.-
9801960670, 9801620064

वर्ष २ ● अंक १७८ ● २०८१ साल जेठ ०५ गते शनिबार ● Saturday 18, May 2024 ● सूर्योदय: बिहान ५:१४ बजे ● सूर्यास्त: साँझ ६:४८ बजे ● पृष्ठ ४+४ ● मूल्य रु. ५/-

वैभव
**शनिबार ४ पृष्ठको वैभव**





- वीरेन्द्र रमण - वैष्णव भक्ति आन्दोलन र मिथिला
- इन्टरनेट प्रयोगबारे बालबालिकालाई कसरी जोगाउने ?
- डा. अरुणा उप्रेती - गर्मीयाममा कस्तो पेयपदार्थ पिउने ?
- वीरेन्द्र रमण - मधेशको आन्दोलनको आत्मसमीक्षाको दस्तावेज 'अधुरा क्रान्ति'
- अन्तर्वार्ता - 'उप' भन्ने भाष्य चिर्न लागिपरेको छु


# कांग्रेस तयार नभए पनि संसद चलाएर देखाउँछौँः ओली




**मधेशदृष्टि**
**वीरगंज ।**
नेकपा एमालेका अध्यक्ष एवम् पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले संसद नेपाली कांग्रेसले आफ्नो घरबाट नल्याएको टिप्पणी गरेका छन् । नेकपा एमाले पर्साको नवौँ जिल्ला अधिवेशनबाट नवनिर्वाचित पदाधिकारी, लेखा समिति र सदस्यहरुको शपथ ग्रहण कार्यक्रममा सम्बोधन गर्दै अध्यक्ष ओलीले संसदसँग थोरै समय रहेको र नीति तथा कार्यक्रम पास गरेर जेठ १५ गते बजेट ल्याउनु पर्ने बाध्यता रहेकाले संसद चलाउनु पर्ने बताए ।

अध्यक्ष ओलीले भने, 'कांग्रेसले जे भन्छ, त्यो मान्नु पर्ने, जे गर्छ, त्यो सहनु पर्ने, आरोप लगाउँछ, बोल्न नपाउने भनिरहेका बेला भोलि संसद चाहिँदैन भन्ला, हामीले मान्नु पर्ने ?' उनले कांग्रेस संसद चलाउन जसरी पनि तयार हुनु पर्ने बताउँदै नमाने आफूहरुले चलाएरै छाड्ने दाबी गरे ।

अध्यक्ष ओलीले भने, 'सत्ताबाट बाहिरिएपछि कांग्रेस कराएको छ, आत्तिएको छ, चिच्याएको छ, जसलाई भेट्यो, त्यसलाई टोक्छ, झुठ बाहेक केही बोल्दैन, त्यस्ताको पछाडि लाग्नुको कुनै अर्थ छैन ।'

उनले बिहीबार संसदमा आफू बसेको ठाउँमा हूल बाधेर काँग्रेसको टिम आएर लफडा गरेको बताउँदै हूलै बाँधेर हातपात गर्ला जस्तो गर्ने र संसदको नियमविपरति अभद्र तरिकाले प्रस्तुत हुने छुट कसैलाई नभएको दाबी गरे । अध्यक्ष ओलीले समृद्ध नेपालः सुखी नेपालीको गन्तव्य बोकेर अगाडि बढेको नेकपा एमालेलाई खुद्रा मसिना काममा अल्झिने फुर्सद नभएको बताउँदै प्रतिपक्षी कांग्रेसलाई जनताको समस्या समाधान र मुलुकको आर्थिक समुन्नतिको कुनै मतलब नरहेको बताए ।

उनले कांग्रेस सरकारबाट हट्नु पर्‍यो भन्ने कुण्ठाले रुमल्लिएको बताउँदै रवि लामिछानेको पछाडि लागिरहनु पर्ने अवस्थासमेत नरहेको बताए ।

उनले मिसन ८४ सफल पार्न पर्सा एमालेको नयाँ नेतृत्वले काम थाल्नु पर्नेमा जोड दिँदै प्रतिफल आउने गरी काम गर्न नयाँ नेतृत्वलाई निर्देशन दिए । उनले मिसन ८४ मा पर्साका सबै निर्वाचन क्षेत्र, ८ वटा प्रदेश निर्वाचन र १४ पालिका एमालेले जित्ने गरी अगाडि बढ्न कार्यकर्तालाई निर्देशन समेत दिए ।

नेकपा एमाले पोलिटब्यूरो सदस्य एवम् सांसद तथा पर्सा जिल्ला इन्चार्ज अच्युत मैनालीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपप्रधानमन्त्री एवम् भौतिक पूर्वाधारमन्त्री रघुवीर महासेठ, कृषिमन्त्री ज्वाला साहलगायतको सहभागिता थियो ।

### आजको तापक्रमः
१. सप्तरी, राजविराजः ३८ डिग्री
२. सिरहा, लहानः ३९ डिग्री
३. धनुषा, जनकपुरधामः ४० डिग्री
४. महोत्तरी, जलेश्वरः ४० डिग्री
५. सर्लाही, मलंगवाः ४० डिग्री
६. रौतहट, गौरः ४० डिग्री
७. बारा, कलैयाः ४० डिग्री
८. पर्सा, वीरगंजः ४० डिग्री

# मनाइयो जानकी नवमी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
प्राचीन मिथिला क्षेत्र जनकपुरमा शुक्रबार धुमधामका साथ जानकी नवमी मनाइएको छ । आदर्श नारी सीता प्रकट भएको वैशाख शुक्ल नवमीमा यो पर्व मनाइने परम्परा छ । यो पर्वका अवसरमा करिब एक सातादेखि जानकी मन्दिरमा बधाई गायन तथा रामलीला, धार्मिक प्रवचनसहितको कार्यक्रमसमेत आयोजना गरिएको थियो । जानकी मन्दिरमा भव्यरुपमा महोत्सव आयोजना गरिएको थियो ।

जानकी मन्दिरका महन्थको नेतृत्वमा साधुसन्तको टोली शाही स्नानका लागि जानकी मन्दिरबाट बाजागाजासहित दूधमती नदी प्रस्थान गरेको थियो । शाही स्नानमा ठूलो संख्यामा सर्वसाधारणको समेत सहभागिता थियो । हिन्दू परम्परा र मान्यतामा देवीस्वरूपा मानिने जानकीअघि त्रेता युगमा वैशाख शुक्ल नवमीका दिन प्रकट भएको विश्वास गरिन्छ । वैशाख शुक्ल पक्ष नवमीको दिन मध्यान्ह १२ बजे माता जानकी प्रकट भएको

बाँकी पृष्ठ २ मा

# क्यासिनोका ग्राहकलाई 'भारतीय परिचय पत्र' र लागुऔषध

**मधेशदृष्टि**
**वीरगंज ।**
पछिल्लो समय बारा, पर्साका क्यासिनोहरुले ग्राहकका रुपमा नेपाली नागरिकलाई बर्बाद पारिरहँदा भारतीय परिचय पत्रसमेत उपलब्ध गराउन थालेका छन् । नेपालीलाई क्यासिनोमा प्रवेश निषेध कानूनलाई अंगीकार गरेको देखाउन क्यासिनोमा आउने नेपाली ग्राहकका लागि यस्तो सुविधा दिन थालिएको खुलेको हो । वीरगंज र बारा क्यासिनोहरुले आफ्नो जुवाघरमा भारतीय र अन्य नागरिक मात्र आएको देखाउने यस्तो बदमासी गरेर प्रहरी प्रशासनलाई गुमराहमा पार्न खोजेको हो ।

**एजेन्टमार्फत कार्ड**
क्यासिनोमा आउने अधिकांश ग्राहक नेपाली भएपछि क्यासिनो सञ्चालकहरुले भारतीय नागरिक भएको खुल्ने पर्चिय पत्र व्यवस्थापन शुरु गरेका हुन् । यसका लागि उनीहरुले एजेन्ट व्यवस्था गरेका छन् । वीरगंजका क्यासिनोमा आउने नेपाली ग्राहकलाई भारतीय नागरिक

बाँकी पृष्ठ २ मा

# 'अदालतबाट दोषीहरुले भ्रष्टाचार छानबिन माग गरे'

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले नेपाली कांग्रेसलाई सहकारी ठगीको छानबिन समिति नभई सरकार चाहिएको बताए । बाराको प्रसौनी गाँउपालिकाको नवनिर्मित प्रशासनिक भवन शुक्रबार उद्घाटन गर्दै एमाले अध्यक्ष ओलीले भ्रष्टाचारको कसूरमा अदालतबाट दोषी प्रमाणित भइसकेका कांग्रेस सांसदहरुले संसदमा भ्रष्टाचारको छानबिन हुनुपर्छ भनेर नारा लगाउनु हास्यास्पद रहेको टिप्पणी गरे ।

आफूलाई लोकतन्त्रको मसिहा भन्ने कांग्रेसबाट संसदमा भइरहेको अराजकता अशोभनीय रहेको ओलीको भनाइ थियो । एमालेले मिसन ८४ को नारा लिएर अगाडि बढिरहेको भन्दै एमाले अध्यक्ष ओलीले देशको विकास गर्न एमालेले नयाँ समीकरणको सरकार बनाएको जिकिर गरे । उनले जनता एमालेका साथमा रेहको र सरकारमा मौका पाउँदा एमालेले देशको विकास गरेको बताए । मधेशको विकास गरेको बताउँदै उनले देश विकासको जिम्मा एमालेले लिएको दाबी गरे ।

आगामी दिनमा पनि पनि जिम्मा लिने बताउँदै उनले दल र संगठन निर्माणमा मात्र नभइ गरिब, किसान, मजदु◌रको आर्थिक जीवनस्तर उकास्ने काममा लाग्न पार्टीका नेताकार्यकर्तालाई निर्देशन दिउ । कार्यक्रममा भौतिक पूर्वाधार विकासमन्त्री रघुवीर महासेठ, कृषिमन्त्री ज्वाला साहलगायतले सम्बोधन गरेका थिए ।

# माइस्थानमा झगडै झडप !



**मधेशदृष्टि**
**वीरगंज ।**
शुक्रबार साँझ वीरगंजको माइस्थान चोकमा दुई पक्षबीच झडपको स्थिति बन्दा एकाएक बजार अशान्त बनेको छ । प्रहरीले दुवै पक्षलाई सम्झाइबुझाइ गरेर पठाएपछि अशान्त बनेको वीरगंज शान्त भएको हो । नेपाली कांग्रेसका क्षेत्रीय सभापति मोहम्मद शाहबुद्धिन समूहले नागरिकता काण्डका दोषीलाई कारबाही माग गर्दै◌ नाराजुलुश प्रदर्शनपछि माइस्थानमा कोणसभा गर्ने क्रममा वीरगंजका मेयर राजेशमान सिंह पक्षधरले प्रतिवाद गर्न खोज्दा झडपको स्थिति बनेको बताइएको छ । दुवै पक्ष सडकमा उत्रिएपछि कोणसभास्थलमै झडपको स्थिति बनेको थियो । प्रहरीले दुवै पक्षलाई सम्झाएर पठाएपछि वीरगंज बजार शान्त बनेको हो । प्रहरीले घटनामा संलग्न केहीलाई नियन्त्रणमा लिएको बताएको छ । यता, एडभान्स अस्पतालनजिकै मोटरसाइकलमा आगजनी गर्न खोजेको पाइएपछि प्रहरीले लाठीचार्ज गर्दा एकजना सामान्य घाइते भएका छन् । उनको उपचार भइरहेको छ ।

गरम हावा/लू से बचे खातिर यी बातसब ध्यान मे राखल जावो

- पानी अधिक पियल जावो ।
- दिनके १२ बजेसे ४ बजेके कडा घाममे सकभर घरसे ना निकलकल जावो ।
- सबेरे आ सझिया ही खेतबारी मे काम करल जावो ।
- घाम के समयमे घरसे बाहर निकलेके परे त पतला सुती के कपडा से मुडी आ चेहरा तोपल जावो । गम्छा, टोपी आ छाता के प्रयोग करल जावो ।
- जुत्ता के बदला खुल्ला चप्पल पहिरल जावो ।
- निम्बु पानी, नारियल पानी, छाछ, मट्ठा आ फलफूल जैसन पेय पदार्थ के सेवन करल जावो ।
- हल्का आ सुती के खुल्ला कपडा लगावल जावो ।
- गर्मी के समय मे बाजारके पैक करल खाना ना खाइल जावो ।
- ताजा फल, सलाद आ घरमे बनावल चिज ही खाइल जावो ।
- चक्कर, उल्टी, कपरबथी आ सास फेरे मे तकलिफ होखे त जल्दी से नजिक के अस्पताल वा स्वास्थ्य चौकी मे जचावल जावो ।
- बुढ-पुरनिया, बेमार आ दीर्घरोगी सबके विशेष खयाल कैल जावो ।




जनहितमे जारी सन्देश
पिपरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश



आधिकारिक बिक्रेताः
त्रिशक्ति ट्रेक्टर
मधेश प्रदेश
सम्पर्कः ९८५५० २१०२०, ९८१६८ ३६८६५

# वैष्णव भक्ति आन्दोलन र मिथिला



वीरेन्द्र रमण

"जातीय, वर्गीय भावना र दिखावाबाट मुक्त वैष्णव उपासना तातो बालुवामा पहिलो वर्षाको पानी झैं आयो । उनले राम र कृष्ण दुवैलाई उपासक मान्थे, तर पनि कृष्णको हात माथि थियो । तर रामकथामा काव्यात्मक तत्वहरू प्रशस्त भएकाले रामचरितले बौद्धिक वर्गमा बढी सम्मान पाएका छन् ।"

मिथिला क्षेत्र कुनै एउटा धार्मिक आस्थाको मात्रै मान्ने रुपमा नभएर विधितायुक्रा संस्कृतिलाई अवलम्बन गरेको अवस्था रहेको छ । खास गरेर मिथिला क्षेत्रमा धार्मिक आन्दोलन र सम्प्रदायको कुरा गर्नेहरु हो भने यहा तन्त्रशास्त्र मान्नेको संख्या उत्तिकै रहेको छ भने शिव र शक्तिको अराधना गर्नेको संख्याको समेत उत्तिकै रहेको छ । त्यसैले मिथिला कहिलेपनि आस्थाको आधारमा कुनै एउटा आस्थामालाई मात्रै मानेर अगाडि बढेको देखिदैनन । उसले विधितायुक्त वा बहुवाद संस्कृतिलाई अवलम्बन गरेको छ । मिथिलाको क्षेत्रमा शिव र शक्तिाको उपासनाहरुको संख्या समेत उत्तिकै रहेको थियो भने वैष्णव भक्ति आन्दोलनको प्रवाहसमेत उत्तिकै परेको छ ।

मिथिलाको गाउँ गाउँमा शिव मन्दिरहरु अत्याधिक रहेको कारणले गर्दा समेत मिथिलामा सबै भन्दा बढि आस्था शिवप्रति देखिएको थियो । पछि शक्तिको उपासनाहरु समेत अत्याधिक भएको देखिन्छ । खास गरेर मिथिला क्षेत्रमा निर्माण भएको प्रमुख शक्ति पिठहरुलाई समेत लिन सकिन्छ । पछि वैष्णवको भक्ति आधाको निर्माण भयो र मिथिलामा समेत यसको प्रभाव परेको देखिन्छ । वैष्णव भन्नाले विष्णोः अनुयायी भगवान् विष्णु सम्बंधित सम्पूर्ण वस्तुलाई वैष्णव भन्ने गरिन्छ । जस्तै १८ पुराणमा केही वैष्णव छन जस्तै विष्णु, भागवत, नारायण, गरुण, पद्म, अग्निलाई वैष्णव पुराण भनिन्छ भने अन्य शैव र केही शाक्त पुराण मानिन्छन् । त्यस्तै संप्रदायलाई वैष्णव सम्प्रदाय, भागवत धर्म, वैष्णव धर्मको प्राचीन नाम भागवत धर्म अथवा पाञ्चरात्र मत हो । यस सम्प्रदायको प्रधान उपास्य भगवान वासुदेव विष्णु हुन, जसलाई छः गुणहरू ज्ञान, शक्ति, बल, वीर्य, ऐश्वर्य र तेजदेखि सम्पन्न हुनाले भगवान भनिएको छ र उनै भगवानका उपासकलाई भागवत कहिएको छ । यस सम्प्रदायलाई पाञ्चरात्र संज्ञाको सम्बन्धमा अनेकौ मतमतान्तर रहेका छन् । विष्णुको अवतार मा पर्ने राम कृष्ण इत्यादि सम्बन्धित हरेक वस्तुलाई वैष्णव अन्तर्गत लिने गरिन्छ । भने राम उपासक कृष्ण उपासक खास गरी विष्णु उपासक नै वैष्णव भनेर जानिन्छन ।



छैठौं सतीको वरिपरि वैष्णव आन्दोलन सुरु भएपछि, वैदिक संहिता र गम्भीर दार्शनिक साहित्यलाई पन्छाएर घर–घरमा पुगेर जताततै फैलियो । शताब्दीयौंदेखि यज्ञ संस्कार र 'शैव सम्प्रदाय' पशुपत, कालामुख, लकुलिश, लिंगायत र शाक्त दर्शनको कठोरता र नीरसताबाट पीडित समाज आफ्नो कोमल भावना र संवेदनालाई सन्तुष्ट पार्न सक्ने विचारधाराको खोजीमा थियो ।

जातीय, वर्गीय भावना र दिखावाबाट मुक्त वैष्णव उपासना तातो बालुवामा पहिलो वर्षाको पानी झैं आयो । उनले राम र कृष्ण दुवैलाई उपासक मान्थे, तर पनि कृष्णको हात माथि थियो । तर रामकथामा काव्यात्मक तत्वहरू प्रशस्त भएकाले रामचरितले बौद्धिक वर्गमा बढी सम्मान पाएका छन् ।

एकविवाह, लोककल्याण र वीरताका साथै दया, धर्म, विनय आदिमा विश्वास गर्ने मानिसहरूले आ–आफ्नो उमेर र हैसियतअनुसार रामचरितमा आमाबाबु, दाजुभाइ, मित्र, रक्षक, वीर आदि सबै पारिवारिक आदर्शहरू देखेका थिए । रामायणको कथाले भारतको चारै दिशालाई पनि समेटेको छ । मिथिला क्षेत्र, सम्पूर्ण आदिवासी क्षेत्र, नासिक, किष्किंधा र श्रीलंकाको सिंहली भाग, शहर र वनवासीहरूको आपसी मिलन र पछिको शैव–वैष्णव द्वन्द्वको पूर्वचित्रण पनि । रामको कथा घरघरमा फैलियो ।

सीताको जन्म भूमि र राजा जनकको कर्मभूमि जनकपुरधामसहित रामायणकालिन विभिन्न घटनाहरुको महत्वपूर्ण स्थलको रुपमा मिथिलाको क्षेत्र रहेको कारणले गर्दा सहज रुपमा मिथिला क्षेत्रमा भक्ति आन्दोलनले आफनो स्थान पाए । खास गरेर रामायणकालिन विभिन्न घटनाका प्रमसख एतिहासिक स्थलहरु रहेको कारणले सारा विश्वको लागि आराधणको स्थलको रुपमा रहेको कारणले विस्तारै मिथिला क्षेत्रमा वैष्णव भक्ति आन्दोलनले आफनो सहज स्थान बनाउन सकियो ।

उत्तर भारतमा यसलाई नयाँ रूपमा प्रचार गर्ने पहिलो र सबैभन्दा शक्तिशाली स्वामी रामानन्द थिए, जसले आध्यात्मिक दृष्टिकोणबाट रामानुजको विशिष्टाद्वैतलाई पछ्याउँदै भक्तिको एउटा छुट्टै संप्रदाय स्थापना गरेका थिए, जसमा स्पर्श र स्पर्शका नियमहरू जत्तिकै कडा थिएनन् । दक्षिणात्य श्रीवैष्णवहरूको।

लक्ष्मीनारायणको स्थानमा सीतारामलाई पूजनीय देवता बनाए । रामानन्दी वैष्णवहरूलाई वैरागी वैष्णव भनिन्छ ।

रामानन्दको थप दुई प्रकारको शिष्य परम्परा थियो । एउटामा तल्लो जातका मानिसहरू थिए र अर्कोमा उच्च जातका मानिसहरू थिए । मध्ययुगमा भक्तिको प्रचार गर्ने भक्त–कविहरूमध्ये एकको प्रतिनिधित्व कबीरदास र अर्कोको तुलसीदासले गरेका थिए ।उनिहरुले चलाएको धाराले समाजिक रुपान्तरणमा महत्वपुर्ण भुमि खेले जसकारणले गर्दा मिथिला क्षेत्रमा यस सम्प्रदाय वा आन्दोलनले आफनो घर घरमा पुगेर स्थान बनाए ।

आफ्नो परम्परा अनुसार मिथिलाका आम जनताले वैष्णव सम्प्रदायमा दीक्षा नलिई पनि विष्णुको पूजा गर्दै आएका छन् । अठारौं शताब्दीको मैथिल समाजले आफ्नो पुरानो परम्परालाई कायम राख्यो। वैष्णव भक्ति आन्दोलनले मिथिलाका आम जनतामा यस्तो प्रभाव पारेको थियो कि कृष्णसँगै रामको पनि पुजा हुन थाल्यो यो शताब्दी प्रचलित थियो ।

धेरै विद्वानहरू यस पेशामा संलग्न थिए । शूद्र जातका मानिसहरूले पनि पुराणका कथाहरू सुन्ने गर्दथे, यसका लागि मिथिलाको लोकभाषामा उनीहरूसँग कुनै योग्यता मागेन । दानलीला मनबोध नामक मैथिल ब्राह्मणले लेखेका थिए र मानिसहरूले हरिवंश र मुंगेरका भृगुराम मिश्रद्वारा रचित रसविहार, सुदामाचरित र दानलीला भक्तिपूर्वक पाठ गर्थे ।

दुसाध जातिमा वैष्णव सम्प्रदायप्रति बढ्दो झुकावको जानकारी पनि बुकाननको प्रतिवेदनबाट प्राप्त हुन्छ । दुसधहरूलाई तिनीहरूका गुरुहरूले वैष्णव मन्त्रहरूद्वारा दीक्षा दिएका थिए । गुरुको ज्ञानसागर नामक पुस्तक थियो । शुद्ध मिथिला भाषामा लेखिएको यस ग्रन्थमा विष्णुको चतुर्भुज रुपको वर्णन गरिएको छ । कबीरद्वारा लिखित राम वन्दना पनि यी मानिसहरूले भक्तिपूर्वक गाएका थिए ।

मिथिला क्षेत्रमा बुद्धको प्रभावहरुमा विस्तारै कमी आएपछि भक्ति धाराले आफनो स्थान बनाएका थिए । यीनै भक्ति धाराले मिथिला क्षेत्रमा रहेक समुदाय र जातिहरुलाई जोडन थालेका थिए । भक्रिका तिनै धाराले समाजिक क्रान्तिको समेत आधार भुमि तयार गरेको कारणले अहिलेपनि समाजिक परिवर्तनमा यसले महत्वपुर्ण भुमिका खेलेको छ । आजपनि समाजिक रुपान्तरणमा भक्ति धाराले नयां उर्जा समेत दिएको देखिन्छ । भारतका प्रमुख धार्मिक स्थलहरुमा यस धाराको प्रभाव पर्न थालेपछि मिथिला क्षेत्रमा समेत विस्तारै प्रभावहरु पर्न थाले ।

गोस्वामी तुलसीदासले रामभक्तिको रूपमा प्रेमको भक्ति र मर्यादाको भक्तिलाई जोडेर भक्तिधर्मलाई नयाँ सामाजिक शक्ति प्रदान गर्नु भयो । 'श्रीमद भागवत' मध्ययुगीन भागवत धर्मको अक्षुण्ण स्रोत हो, जुन मध्ययुगमा भक्तिको प्रचार गर्ने सबै सम्प्रदायहरूलाई पछ्याउने भक्त कविहरूले गरेका थिए । वल्लभ सम्प्रदायमा यसलाई 'प्रस्थानचातुष्टय' नामले प्रस्थानत्रयीमा समावेश गरी भक्तिधर्मको रूप मानिएको छ । तुलसी दासले रचना हरेक घर घरमा लोकप्रिय भएको अवस्था छ । जनकपुरधाममा समेत सुरकिसोर दासले आधुनिक जनकपुरको खोज गरेपछि भक्तिरसका साधुहरुको जनकपुर आमगन हुन थाल्यो । त्यसपछि जनकपुरधामा साधुहरु आएर आफनो मठमन्दिरहरुको निर्माण गरेर भजन किर्तन गर्न थालेपछि समाजलाईलाई भक्तिा धारासंग जोडनको लागि प्रत्येक महिना पुर्णिमा स्नान,राम नवमी,विवाह पंचमी सीता नवमी जस्ता पर्व र उत्सवहरु गर्न थाले । झला महोत्सवमा अत्याधिक श्रद्धालुहरु आएर महोत्सवमा शोभा बढाउन थालेपछि मिथिला क्षेत्रको सम्पुर्ण भुभागमा भक्ति आन्दोलनले नयां स्वरुप मात्रै लिएर समाजिक रुपान्तरणको रुपमा अगाडि आएर आज समाजमा जनजनमा यस धाराले आफनो स्थान बनाएको छ । आज मिथिलाको घर घरमा वैष्णवको भक्रि धाराले आफनो स्थान बनाएको छ । कतै राधा कृष्णको उपासनाले होस वा कतै राम सीताको उपासनाको कुरा हो। सबै तिर मिथिलाको तीनै भक्ति धाराको प्रभाव परेको देखिन्छ ।

सन्दर्भ श्रोत
विकिपिडिया
अठारहवीं शताब्दीकी मिथिलाका इतिहासःशंकरदेव झा

# विद्यार्थीविहीन विद्यालयमा चार शिक्षक

विद्यालयमा विद्यार्थीको चहलपहल हुनुपर्ने हो । दैनिक पठनपाठन हुनुपर्ने हो । विद्यार्थी नभए पनि विद्यालय सुनसान बनेको छ । डेस्क बेञ्चदेखि सबै किसिमका सुविधा छन् । विद्यार्थीविहीन विद्यालयमा शिक्षकले भने नियमित तलब खाइरहेका छन् ।

**ढोरपाटन ।**
सुनसान गाउँ, वरपर केही घर, चारैतिर बढ्दै गरेको झाडी । त्यही झाडी छेउमा दुई जीर्ण भवन छन् । खिया लागेका जस्ताले छाएको छानो । मक्किएका झ्याल ढोका । लेखिएको भित्ते लेखन र झ्यालमा अड्याएर राखिएको झन्डामा यहाँ पुग्ने हरेकको नजर ठक्क रोकिन्छ । भित्तामा राष्ट्रिय गान, राष्ट्रिय जनावर गाई, झन्डालगायत चित्र कोरिएको छ । यो जैमिनी नगरपालिका–४ सकुर्वा मौलाछमा रहेको सर्वोदय प्राथमिक विद्यालय हो । विसं २०१२ मा स्थापना भएको यस विद्यालयमा अघिल्लो वर्षसम्म आठ विद्यार्थी थिए । अहिले एकजना पनि विद्यार्थी छैनन् ।

विद्यालयमा विद्यार्थी नभए पनि चार शिक्षक दैनिक आउँछन् । दुई स्थायी र बाल विकास सहजकर्तासहित दुई अस्थायी शिक्षक यस विद्यालयमा कार्यरत छन् । विद्यार्थी नभएपछि शिक्षकलाई दिन कटाउनै मुस्किल हुन्छ । गाउँ बसाइँसराइले रित्तिँदै गएपछि विद्यार्थीको संख्या शून्य भएको हो । केही वर्षअगाडिसम्म यस गाउँमा ८८ घर थिए । हाल ३३ घर मात्रै छन् । ती घरमा पनि बूढापाका मात्रै छन् । सेवा, सुविधा र विलासिताको खोजीमा सहर बजार भार्नेको लर्को लागेपछि विद्यालय बन्द हुनाका साथै गाउँ नै सुनसान बनेको छ । विद्यालयमा चिटिक्क परेका कक्षाकोठा छन् । शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन बनाइएको सामग्रीले विद्यार्थी पर्खिरहेका छन् ।

विद्यालयमा विद्यार्थीको चहलपहल हुनुपर्ने हो । दैनिक पठनपाठन हुनुपर्ने हो । विद्यार्थी नभए पनि विद्यालय सुनसान बनेको छ । डेस्क बेञ्चदेखि सबै किसिमका सुविधा छन् । विद्यार्थीविहीन विद्यालयमा शिक्षकले भने नियमित तलब खाइरहेका छन् । बागलुङ्का विभिन्न स्थानीय तहले विद्यार्थी कम भएका विद्यालयलाई समायोजन, तह मिलान तथा स्थगन गरिरहेका छन् भने जैमिनी नगरपालिकाले अहिलेसम्म गरेको छैन । यस विद्यालयका प्रधानाध्यापक लेखनाथ शर्माले विद्यार्थी नहुँदा दिन बिताउनै गाह्रो हुने गरेको बताए । गाउँमा वृद्धवृद्धाबाहेक अरू नभएको हुँदा विद्यालय रित्तिएको उनको भनाइ छ । अझै आफूहरुले शिक्षाको गुणस्तर बढाएर छिमेकी गाउँबाट र बोर्डिङ पढ्ने विद्यार्थीलाई ल्याउन सकिन्छ कि भनेर प्रयास गरेको प्रधानाध्यापक शर्मा बताउँछन् । शर्माले भने, 'एक दशक अगाडिसम्म झन्डै एक सय कुरिया (घर परिवार) रहेको गाउँमा अहिले घटेर निकै थोरै छन्, दिनदिनै बसाइँसराइ गरे तराई झर्ने गर्दा गाउँमा बूढापाका मान्छे मात्रै छन्, बालबालिका छैनन्, बालबालिका हुँदै नभएपछि विद्यालय रित्तिने अवस्था आयो, अझै पनि छिमेकी गाउँबाट विद्यार्थीलाई लिएर पढाउन सकिन्छ भनेर प्रयास गरिरहेका छौँ, विद्यार्थी नहुँदा हामी शिक्षकलाई पनि दिनभरि यत्तिकै बस्दा गाह्रो भएको छ ।'



विद्यालय नजिकैकी स्थानीय हिरा पौडेलले दकश अगाडिसम्म यस विद्यालयमा विद्यार्थीको चापले गर्दा डेस्क, बेञ्च नपुगेर भुइँमै बसेर पढ्ने गरेको बताए । अहिले विद्यालयमा धेरै सेवासुविधा हुँदा पनि पढ्ने बालबालिका कोही नभएको उनको भनाइ छ । विद्यालय स्थापित गर्नका लागि गाउँलेले ठूलो योगदान पु¥याएको भन्दै अहिले विद्यार्थी नभएर रित्तो हुँदा दुःख लागेको पौडेलले बताए । यहाँका अधिकांश चितवन, गैँडाकोटा, नवलपरासीलगायत ठाउँमा बसाइँसराइ गरेर गएपछि अचेल गाउँमा बालबालिका भेट्टाउनै मुस्किल पर्ने उनको भनाइ छ । पहिलेको तुलनामा अहिले विद्यालयको अवस्था निकै फेरिएको पौडेल बताउँछन् । 'हाम्रो छोराछोरीले पढ्ने बेला एउटा कुर्चीसमेत हुँदैनथ्यो, केटाकेटी भुइँमै धुलोमै बसेर पढ्थे, अहिले कोही पनि भुइँमा बस्न पर्दैन, बस्ने ठाउँ पनि कति राम्रो बनाएका छन्, नजिकै चर्पी, धारा बनेका छन् तर त्यो सुविधा लिने कोही छैन', पौडेलले भने, 'यो अवस्था देख्दा निकै वैराग लाग्छ, यो ठाउँ पहिला कस्तो रमाइलो थियो, जताततै मान्छे भेटिन्थेँ, केटाकेटी भेटिन्थेँ, अहिले त न ठूला मान्छे भेटिन्छन्, न बालबालिका, गाउँमा भएका अलिअलि पनि बजार झर्ने सुरसार गर्दै छन् ।'

जैमिनीका शिक्षा शाखा प्रमुख खेमप्रसाद आचार्यले विद्यार्थी कम भएका विद्यालयलाई समायोजन, तह मिलान र स्थगन गर्नका लागि सूचना जारी गरेको र वडा शिक्षा समितिले अध्ययन गरिरहेको बताए । यही जेठ १२ गतेसम्म कुन कुन विद्यालय समायोजन गर्ने, कुन कुन विद्यालयको तह घटाउने र स्थगन गर्ने भन्ने विषयमा वडा शिक्षा समितिले प्रतिवेद बुझाउने तथा सोहीअनुसार नगरपालिकाले काम गर्ने उनको भनाइ छ । नगर शिक्षा अधिकारी आचार्यले भने, 'नगरपालिकाले १० वटै वडाका विद्यालयको अवस्था बुझ्ने र तह मिलान, समायोजन तथा स्थगन गर्ने विषयमा हामीहरु गम्भीर छौँ, वडा शिक्षा समितिमार्फत सबै वडाका विद्यालयका बारेमा अध्ययन गरिराख्नु भएको छ, यही जेठ दोस्रो साता उहाँहरुले प्रतिवेद ल्याउनुहुन्छ र सोही अनुसार नगरपालिकाले विद्यालय समायोजन गर्ने, तह घटाउने अथवा अरू के गर्ने भन्ने विषय निक्र्यौल हुन्छ ।' रासस

# इन्टरनेट प्रयोगबारे बालबालिकालाई कसरी जोगाउने ?

> *युनिसेफ भन्छ, 'अनलाइन संसारमा बालबालिकाहरू यौन शोषण र दुव्यवहारबाट सबैभन्दा बढी जोखिममा छन् ।' युनिसेफका अनुसार, 'आज बाल दुर्व्यवहार गर्नेहरूलाई आफ्ना पीडितहरूलाई अनलाइन सम्पर्क गर्न सजिलो भएको छ । उनीहरूले यस्ता तस्बिरहरू सजिलै सेयर गर्न सक्छन् र अरूलाई पनि त्यस्ता अपराध गर्न उक्साउन सक्छन् ।*

आज बालबालिका पहिले भन्दा कम उमेरमा इन्टरनेट प्रयोग गरिरहेका छन् र विश्वमा हरेक आधा सेकेन्डमा एक बच्चा अनलाइनको संसारमा प्रवेश गरिररहेका छन् । यस्तो अवस्थामा बालबालिकाको अनलाइन संसारमा बढ्दो पहुँचले उनीहरूका लागि गम्भीर खतरा निम्त्याइरहेको विज्ञहरूले चेतावनी दिएका छन् । वेस्टर्न सिड्नी युनिभर्सिटीको यंग एण्ड रेजिलिएन्ट सेन्टरले हालै यस सम्बन्धमा एक अध्ययन गरेको छ । यसले कम आय भएका परिवारका बालबालिकाहरूले अपरिचित व्यक्तिहरूबाट अनुपयुक्त वा अनावश्यक अनुरोधहरू रोक्ने सम्भावना कम हुने देखाउँछ । यस अध्ययनले यस्ता व्यक्तिहरूलाई रिपोर्ट नगर्दा वा ब्लक नगर्दा बालबालिकाहरूले भविष्यमा अनावश्यक सम्पर्कको ठूलो जोखिममा पार्छन् । बेलायतमा अनलाइन सेफ्टी एक्ट भनिने नयाँ कानून अन्तर्गत इन्टरनेटमा बालबालिकाको बढी सुरक्षा सुनिश्चित गर्ने जिम्मेवारी प्रविधि कम्पनीहरूको हो । तर, यस कानुनसँग सम्बन्धित नयाँ नियमहरू २०२५ सम्म लागू हुने छैनन् । आलोचकहरू भन्छन् कि यी नियमहरू पनि धेरै प्रभावकारी छैनन् । विश्वभरका सरकारहरूले समान नियम र नियमहरू लागू गरेका छन् ।

त्यसोभए तपाइँ कसरी आफना बच्चाहरूलाई अनलाइन संसारमा सुरक्षित राख्न सक्नुहुन्छ र संसारभरका सरकारहरू र प्रविधि कम्पनीहरूले बालबालिकाहरूको लागि इन्टरनेट सुरक्षित बनाउन के गरिरहेका छन् ?

**बच्चाहरूले अनलाइनमा कति समय बिताउँछन् ?**

आज, संसारभरका बालबालिकाहरू पहिले भन्दा धेरै समय अनलाइनमा बिताउँछन् । संयुक्त राष्ट्रसंघका अनुसार विश्वमा हरेक आधा सेकेन्डमा एक बालबालिका पहिलो पटक अनलाइन संसारमा प्रवेश गर्छन् । तथ्याङ्कले विश्वमा कनेक्टिभिटी प्रवद्र्धनमा सबैभन्दा बढी योगदान युवाहरूको रहेको देखाउँछ । सन् २०२३ सम्म, विश्वभरका १५ देखि २४ वर्ष उमेर समूहका ७९ प्रतिशत युवाहरु अनलाइनको पहुँचमा थिए, जुन बाँकी जनसंख्याको तुलनामा ६५ प्रतिशत बढी हो ।

सिडनीको यङ्ग एण्ड रेजीलिएण्ट सेन्टरको सह–निर्देशक अमांडा थर्ड भन्छिन्, 'आजका बालबालिकाहरू अनलाइन संसारमा हुर्किरहेका छन् र उनीहरूलाई सधैं परिवर्तनशील डिजिटल परिदृश्यमा इन्टरनेट सुरक्षित राख्न सहयोग चाहिन्छ ।' बालबालिकाका लागि संयुक्त राष्ट्रसंघीय सङ्गठन युनिसेफले गरेको अध्ययनअनुसार ३० देशका एक तिहाइभन्दा बढी बालबालिका साइबर संसारमा धम्की र धम्कीको सामना गर्छन् । जसका कारण करिब २० प्रतिशत बालबालिका विद्यालय जान छाडेका छन् । घृणायुक्त भाषण, हिंसात्मक सामग्री र चरमपन्थी संगठनहरूमा भर्ती पनि चिन्ताको विषय हो । यससँगै डिजिटल प्लेटफर्ममा षड्यन्त्रका गलत सूचना वा मनगढन्ते कथाहरू पनि व्यापक रूपमा फैलिन्छन् । यद्यपि, युनिसेफ भन्छ, 'अनलाइन संसारमा बालबालिकाहरू यौन शोषण र दुव्र्यवहारबाट सबैभन्दा बढी जोखिममा छन् ।' युनिसेफका अनुसार, 'आज बाल दुर्व्यवहार गर्नेहरूलाई आफ्ना पीडितहरूलाई अनलाइन सम्पर्क गर्न सजिलो भएको छ । उनीहरूले यस्ता तस्बिरहरू सजिलै सेयर गर्न सक्छन् र अरूलाई पनि त्यस्ता अपराध गर्न उक्साउन सक्छन् । २५ देशका झण्डै ८० प्रतिशत बालबालिकाले अनलाइन संसारमा यौन शोषण वा दुव्र्यवहारको धम्की दिएको रिपोर्ट गरेका छन् ।'

**आमाबाबुको लागि के अनलाइन निगरानी विकल्पहरू उपलब्ध छन् ?**

अभिभावकहरूलाई आफ्ना बालबालिकाहरूमा नजर राख्ने धेरै तरिकाहरू उपलब्ध छन्, जसले गडबडी वा अनुपयुक्त सामग्रीलाई रोक्छ । तर, अध्ययनहरूले देखाउँछ कि आमाबाबुले प्रायः



प्राविधिक उपकरण (एप) लाई ठूलो मात्रामा प्रयोग गर्दैनन् । २०१९ मा गरिएको ग्लोबल किड्स अनलाइन सर्वेक्षणले देखाएको छ कि नौदेखि १७ वर्ष उमेरका बालबालिकाका अधिकांश अभिभावकहरूले बालबालिकालाई निगरानी गर्न प्राविधिक उपकरणहरू प्रयोग गर्नुको सट्टा रोकथाम र



नियममा आधारित प्रतिबन्धहरू जस्ता विधिहरू अपनाउने कुराहरू पत्ता लगाउँछन् । यस अध्ययनका अनुसार अभिभावकहरूबीच धेरै सांस्कृतिक भिन्नताहरू पनि देखिएका छन् । युरोप र दक्षिण अमेरिकाका धनी देशहरूमा अभिभावकहरू मध्यस्थता रुचाउँछन् । जबकि घाना, फिलिपिन्स र दक्षिण अफ्रिकामा, अभिभावकहरूले यस मामिलामा सीमित हस्तक्षेपको नीति अपनाउछन् ।

यद्यपि, बच्चाहरूको फोन वा अन्य उपकरणहरूमा अभिभावकीय नियन्त्रणहरूको प्रयोग धेरै कम रहन्छ । यस सर्वेक्षणमा समावेश गरिएका देशहरूमा तीन प्रतिशतभन्दा कम अभिभावकहरूले आफ्ना बालबालिकालाई अनलाइनमा नजर राख्न यी प्राविधिक उपकरणहरू प्रयोग गरिरहेका थिए ।

बेलायतमा रहेका केही ठूला इन्टरनेट कम्पनीहरूले मिलेर इन्टरनेट म्याटर्स नामको सुरक्षा संस्था बनाएका छन् । आन्तरिक मामिलाहरूले त्यस्ता उपलब्ध प्राविधिक उपकरणहरूको सूची संकलन गरेको छ । र, योसँगै, यसले यी प्राविधिक उपकरणहरूको चरणबद्ध प्रयोगको लागि मार्गनिर्देशन पनि सिर्जना गरेको छ ।

उदाहरणका लागि, आफ्ना बच्चाहरूलाई युट्युव र टिकटक, यी दुई सबैभन्दा लोकप्रिय प्लेटफर्महरूमा अनुपयुक्त सामग्री हेर्नबाट रोक्न चाहने अभिभावकहरूले बच्चाहरूको लागि विशेष रूपमा डिजाइन गरिएको संस्करण सेटअप गर्न सक्छन्, जसले वयस्क सामग्री फिल्टर गर्दछ । युट्युव र टिकटक मुख्य साइटहरू प्रयोग गर्ने किशोरहरूले अभिभावकीय अनुगमन खाताहरू सिर्जना गर्न सक्छन्, उनीहरूलाई आफ्ना बच्चाहरूले यी एपहरूमा के हेरिरहेका छन् भनेर जान्न अनुमति दिन्छ ।

फेसबुक मेसेन्जरलाई पनि 'एम' मार्फत निगरानी गर्न सकिन्छ ।

टिकटक भन्छ कि यो उपकरणको प्रयोगले आमाबाबुलाई उनीहरूको किशोर अवस्थाका बालबालिकाको खाताहरूलाई 'प्राइभेट' बनाउन सक्छ । इन्स्टाग्राममा अभिभावकहरूका लागि पनि धेरै उपकरणहरू उपलब्ध छन्, जसको माध्यमबाट उनीहरूले तिनीहरूलाई हेर्नको लागि दैनिक समय सीमा सेट गर्न सक्छन् । तिनीहरूले ब्रेक समय सेट गर्न र तिनीहरूका बच्चाहरूले रिपोर्ट गरेका खाताहरूको सूची पनि बनाउन सक्छन् ।

**मोबाइल फोन र कन्सोलहरूमा के नियन्त्रण विकल्पहरू छन् ?**

एन्ड्रोएड, एप्पल र ट्याब्लेटहरूमा आमाबाबुले प्रयोग गर्न सक्ने एप र प्रणालीहरू छन् । यी उपकरणहरू मार्फत, केही एपहरू ब्लक गर्न सकिन्छ वा तिनीहरूको पहुँच सीमित गर्न सकिन्छ । वयस्क सामग्री प्रतिबन्धित हुन सक्छ । बालबालिकाको खरिदमा प्रतिबन्ध लगाउन सकिन्छ र तिनीहरूको ब्राउजिङ निगरानी गर्न सकिन्छ । एप्पलले यसको लागि स्क्रिन टाइम उपकरण उपलब्ध गराएको छ । गुगलले यसलाई फेमिलि लिङक भनिने एउटा एप उपलब्ध गराउँछ । अन्य विकासकर्ताहरूले पनि त्यस्ता धेरै एपहरू उपलब्ध गराइसकेका छन् । नेटफ्लिक्स जस्ता स्ट्रिमिङ प्लेटफर्महरूले सामग्री फिल्टर गर्न अभिभावकीय नियन्त्रणहरू प्रदान गर्दछ ।

उही समयमा, गेमिङ कन्सोलको सेटिङहरू मार्फत, अभिभावकहरूले बच्चाहरूलाई उनीहरूको उमेर अनुसार खेल खेल्नको लागि सीमा तोक्न सक्छन् र खेल खेल्दा खरिदहरूमा प्रतिबन्ध लगाउन सक्छन् । धेरै देशहरूमा, यी अभिभावकीय नियन्त्रण विकल्पहरू ब्रोडब्यान्ड र टिभी सदस्यता सेवाहरुद्वारा पनि प्रस्तावित छन् ।

**अनलाइन सुरक्षा बारे बालबालिकासँग कसरी कुरा गर्ने ?**

बेलायतको बाल कल्याणकारी संस्था एनएसपीसीसीका अनुसार बालबालिकासँग अनलाइन सुरक्षाको बारेमा कुरा गर्नु र उनीहरुको अनलाइन गतिविधिमा रुचि राख्नु निकै महत्त्वपूर्ण छ । यस संस्थाले आमाबाबुलाई यी मुद्दाहरू आफ्ना बच्चाहरूसँगको दैनिक कुराकानीको भाग बनाउन सुझाव दिन्छ । जसरी उनीहरूले बच्चाहरूसँग स्कूलमा बिताएको समयको बारेमा कुरा गर्छन् । यसले बच्चाहरूलाई आफ्ना आमाबाबुलाई आफ्नो चिन्ता व्यक्त गर्न सजिलो बनाउनेछ ।

युनिभर्सिटी अफ सरेका कम्प्युटर सेक्युरिटीका विशेषज्ञ प्रोफेसर एलन वुडवर्ड भन्छन्, 'सबैभन्दा नराम्रो कुरा भनेको बच्चाहरूलाई यो भन्नु हो कि तिमी यो देख्न सक्दैनौँ । ' प्रोफेसर वुडवर्ड भन्छन्, 'त्यसोभए बच्चाहरूले यस रोकथामबाट बच्नको लागि केही उपाय खोज्नेछन् ।' यसका लागि उनीहरू भर्चुअल प्राइभेट नेटवर्क (भिपीएन) प्रयोग गर्न पुग्छन्, जहाँ उनीहरूले त्यस्ता प्रतिबन्ध 'कन्टेन्ट'हरू हुर्ने मौका पाउँछन् । वा तिनीहरू अरू कसैको लगइन मार्फत ती सबै हेर्न थाल्छन् ।

**विश्वभरका सरकारहरूले यसबारे के गरिरहेका छन् ?**

हालैका वर्षहरूमा, नियामक निकायहरूले अनलाइन बालबालिकालाई सुरक्षित राख्ने गोपनीयता कानुनहरू लागू गर्नका लागि आफ्ना प्रयासहरू बढाएका छन् । कानुन निर्माताहरूले पनि यस विषयमा निकै सक्रियता देखाउँदै आएका छन् । यद्यपि, इन्टरनेशनल एसोसिएशन अफ प्राइभेसी प्रोफेशनल्स (आईएपीपी) ले उनीहरूमध्ये धेरैले 'अनलाइन संसारमा गोपनीयता र सुरक्षा कायम गर्न थप कानुनहरू आवश्यक छ' भन्ने कुरामा सहमत भएको बताएका छन् । तर न्यायिक क्षेत्राधिकारहरूले यो साझा उद्देश्यका लागि विभिन्न दृष्टिकोणहरू अपनाइरहेका छन् । उदाहरणका लागि, बेलायत वा क्यालिफोर्नियामा, बालबालिकाको गोपनीयता र सुरक्षालाई सक्रिय रूपमा सुरक्षित गर्न सकिने गरी आफ्ना सेवाहरू डिजाइन गर्ने जिम्मेवारी कम्पनीहरूको हो । बेलायतका टेक्नोलोजी सेक्रेटरी मिशेल डोनेलनले ठूला टेक्नोलोजी कम्पनीहरूलाई अनुरोध गरेका थिए, 'तपाईहरु हामीसँग मिलेर तयारी गर्नुस्, ठूलो जरिवाना र कडा कानुन लागु हुन कुरालाई पर्खेर नबस्नुस्, आफ्नो जिम्मेवारी पुरा गर्न सक्रिय हुनुहोस् र अहिले नै कारबाही गर्नुहोस् । केही अमेरिकी कानुनहरूले इन्टरनेटमा बालबालिकाको पहुँचको निगरानी गर्न अभिभावकहरूको जिम्मेवारीलाई जोड दिन्छ । सन् १९९८ को युएस चिल्ड्रेन्स अनलाइन प्राइभेसी प्रोटेक्शन ऐनले अनलाइन कम्पनीहरूलाई अभिभावकको सहमति बिना बालबालिकाको बारेमा केही जानकारी प्रशोधन गर्नबाट रोक लगाएको छ ।

अमेरिकी राज्यहरू अर्कान्सास, लुइसियाना, टेक्सास र यूटामा हालै पारित गरिएका केही कानुनहरूले बालबालिकाहरूलाई आमाबाबुको अनुमति बिना सामाजिक सञ्जाल सेवाहरू प्रयोग गर्न अनुमति दिनबाट व्यापक रूपमा निषेध गरेको छ । २०२० मा, ब्राजिलले व्यक्तिगत डेटाको सङ्कलनमा प्रतिबन्ध लगाउने कानून पारित ग¥यो, यद्धपि, ब्राजिलका सांसदहरूले अझै पनि इन्टरनेट सेवाहरू र अनलाइन उत्पादनहरूका प्रदायकहरूलाई यौन शोषण चेतावनीहरू प्रदान गर्ने जस्ता डिजिटल वातावरणमा बालबालिका र किशोरकिशोरीहरूलाई सुरक्षित राख्न संयन्त्रहरू आवश्यक छन् भनेर यस्तो प्रणाली बनाउन लागि परिचर्चा नै गरिरहेको छ । सन् २०२२ मा, फ्रान्सले इन्टरनेट जडान भएका यन्त्रहरूका लागि अभिभावकको अनुमति अनिवार्य गरेको छ ।

अगस्ट २०२३ मा, भारतले एक विवादास्पद डेटा गोपनीयता विधेयकलाई अनुमोदन ग¥यो, जसले बालबालिकाको व्यक्तिगत डेटा सङ्कलन गर्न अभिभावकहरूबाट प्रमाणित अनुमति प्राप्त गर्न अनिवार्य बनायो । यो कानूनले विशेष बालबालिकालाई लक्षित गरी अनलाइन विज्ञापनमा पनि प्रतिबन्ध लगाएको छ ।

**टेक कम्पनीहरूले यो समस्या कसरी समाधान गरिरहेका छन् ?**

आज, टेक्नोलोजी कम्पनीहरू विरुद्धको विरोध गोपनियताको चिन्ता मात्र नभएर प्रयोगकर्ताहरूको अनलाइन सुरक्षामा पनि बढ्दै गएको छ । संसारभरका कार्यकर्ता र अभिभावकहरूले प्राविधिक कम्पनीहरूलाई यो जिम्मेवारी लिन वा बालबालिका र नाबालिग प्रयोगकर्ताहरूका लागि 'डिजाइनद्वारा सुरक्षित' हुने प्लेटफर्महरू बनाउन दबाब दिइरहेका छन् । यस वर्षको जनवरीको अन्त्यमा अमेरिकी संसदमा सुनुवाइका क्रममा मेटा(फेसबुक)का सीईओ मार्क जुकरबर्गले अनलाइन संसारमा शोषणको सिकार भएका बालबालिकाका अभिभावकसँग माफी मागेका थिए ।

सुनुवाईमा मेटा, स्न्याप, डिस्कोर्ड, एक्स(टिविट्र) र टिकटक जस्ता कम्पनीका अधिकारीहरूलाई गवाही दिन बोलाइएको थियो । तर, सबैभन्दा बढी चर्चा मार्क जुकरबर्ग र टिकटकका प्रमुख कार्यकारी शाउ च्युको उपस्थिति थियो । सुनुवाइका क्रममा मार्क जुकरबर्गले भनेका थिए, 'तपाईहरुलाई जुन परिस्थितिबाट गुज्रनुप¥यो त्यसका लागि म माफी चाहन्छु । तपाईंको परिवारले भोग्नुपरेको पीडा कसैले भोग्नु नपरोस् । यो सुनुवाई अमेरिकी संसदमा भएको थियो जब मेटाका एक पूर्व वरिष्ठ कर्मचारीले कांग्रेसलाई भने कि उनी विश्वास गर्छन् कि इन्स्टाग्रामले किशोरकिशोरीहरूलाई यौन शोषणबाट बचाउन पर्याप्त कदम चालेको छैन । मेटा र स्न्याप च्याटले भने कि तिनीहरूसँग पहिले नै १८ वर्ष भन्दा कम उमेरका प्रयोगकर्ताहरूका लागि अतिरिक्त सुरक्षा उपायहरू छन् । उनले अभिभावकीय अनुगमनलाई सहज बनाउने उपकरणको बारेमा पनि बताए ।

स्न्यापच्याटका एक अधिकारीले भने, 'युवा पुस्तामाझ लोकप्रिय प्लेटफर्मको रूपमा, हामीले सुरक्षित र सकारात्मक अनुभव प्रदान गर्ने थप जिम्मेवारीहरू महसुस गर्छौं ।' मेटाका एक प्रतिनिधिले भने कि उनको कम्पनीले युवा पुस्ताले 'आफू सुरक्षित महसुस गरेको वातावरणमा अन्य मानिसहरूसँग जोडिन सक्षम भएको चाहन्छ ।'

उनीहरूले भने, 'हिंसा वा आत्महत्या, आत्म–हानि, वा खाने विकारलाई बढावा दिने सामग्री हाम्रो नियमहरू विरुद्ध हो – र हामीले त्यस्ता सामग्रीलाई हाम्रो प्लेटफर्ममा फेला पर्दा हटाइदिन्छौं ।' यद्यपि, बीबीसी लगायत धेरै मिडिया र वाचडग संस्थाहरूले रिपोर्ट गरे तापनि यी कम्पनीहरूले अनुपयुक्त वा अपमानजनक सामग्री तुरुन्तै हटाउँदैनन् । धेरै पटक सम्पर्क गर्दा पनि त्यस्ता सामग्री यतिकै छाड्ने गरेका छन् । बीबीसी हिन्दी

# गर्मीयाममा कस्तो पेयपदार्थ पिउने ?



● डा. अरुणा उप्रेती
जनस्वास्थ्य विशेषज्ञ

गर्मीयाम शुरु भएसँगै तिर्खा मेट्नका लागि विभिन्न चिसो पेयपदार्थ (कोल्डडिङ्क्स)को खपत बढ्ने गर्दछ । अहिले धेरै मानिसहरू स्वस्थकर तथा पोषिला स्थानीय पेयपदार्थको सट्टा बजारिया पेय पदार्थको स्वादमा लट्ठ पारिरहेका छन् । मानिसहरूले दूध, दहीजस्ता पोषिला पेय पदार्थ बेचेर विभिन्न ब्राण्डका पेयपदार्थ सेवन गरिरहेको देखिन्छ । चिसो पेयपदार्थहरू अहिले गाउँघरमा छ्यापछ्याप्ती छन् । यस्ता वस्तुहरू अहिले शान, मान र सगुन सामग्री नै बनिसकेको देखिन्छ । यी पेयपदार्थहरूले मोही, सर्वतजस्ता नेपाली शैलीका कैयौं पेयपदार्थलाई विस्थापन गर्दै लगिरहेका पनि छन् ।

अति गुलिया र रसायन मिसिएका यी पदार्थका कारण भविष्यमा उपभोक्ताहरूको दाँत, पेट, हाडजोर्नीलगायत शरीरका अन्य अङ्गहरुमा रोगहरूले घर बनाउँछ । यी पेयहरूले मोटोपनको समस्या निम्त्याउँछ । जतिजति यी पेयहरूको उपभोग बढ्दै जान्छ, त्यति नै तिनीहरूको सेवनबाट हुने स्वास्थ्य समस्याहरू पनि थपिँदै गएको छ । बजारमा जताततै पाइने चिसो पेय अहिले नेपालका त्यस्ता दुर्गम स्थानहरूमा पनि पुगेका छन्, जहाँ दूधका पाकेट र औषधिहरू पनि पुग्न सकेका छैनन् । यी वस्तुहरूको तडकभडकयुक्त प्रचारप्रसार र पहुँचका कारण दुर्गम ग्रामीण क्षेत्रका मानिसले पनि अहिले यी वस्तुहरूलाई फेसन र आधुनिकताको प्रतीकका रुपमा स्वीकार गरिरहेका छन् । अधिकांश उपभोक्तालाई ती चिसो झोलमा भएका तत्वहरू र तिनीहरूले शरीरलाई पार्ने हानी बारे कुनै जानकारी नै भएको हुँदैन । वास्तवमा यी पेयपदार्थहरू रङ्ग, बास्ना, गुलियो अमिलो स्वाद घोलेर फिँज उठ्ने बनाई आकर्षक बोतलमा बन्द गरिएका चिसो पेय हुन्, जुन धेरै महङ्गा र हानिकारक हुन्छन् ।

यस्ता चिसो पेयमा चिनीको मात्र अति नै बढी हुन्छ । भविष्यमा विभिन्न स्वास्थ्य समस्याका कारण पनि बन्न सक्छन् । ती तत्त्वहरूले मानिसको हाड कमजोर हुने, शरीर मोटो पार्ने, दाँत खियाउने, र क्यान्सरजस्ता रोगहरू लगाउन सक्छन् ।

## कोल्डड्रिङ्क्सको सट्टा कागती पानी

गर्मीयाममा तिर्खा मेट्नका लागि बजारिया चिसो पेयपदार्थ नै सेवन गर्नुपर्छ भन्ने छैन, वर्षैभरी पाइने कागती गर्मीमा वा जाडो जुनसुकै बेलामा, तातो वा चिसो जे पदार्थमा मिलाएर खान सकिन्छ । स्वाद र स्वास्थ दृष्टिकोणले पनि यो अति राम्रो तत्व हो । म कागतीलाई 'औषधिको डल्लो' भन्छु । बिहान उठ्ने बित्तिकै चिनी नहालेको कागती चिया खान्छु । दालमा मिलाएर खान्छु । त्यसैले मैले कहिले पनि भिटामिन 'सी' को गोली त खानै परेको छैन । कागतीमा पाइने एउटा महत्वपूर्ण तत्व हो भिटामिन 'सी' । भिटामिन 'सी'को महत्वको बारेमा अहिले त धेरै जनाले थाहा पाइसकेका छन् । विज्ञानले पुष्टि गरेको छ कि भिटामिन 'सी'ले रोगसँग लड्न सक्ने प्रतिरोधात्मक शक्ति प्रदान गर्छ ।

> "गर्मीयाममा तिर्खा मेट्नका लागि बजारिया चिसो पेयपदार्थ नै सेवन गर्नुपर्छ भन्ने छैन, वर्षैभरी पाइने कागती गर्मीमा वा जाडो जुनसुकै बेलामा, तातो वा चिसो जे पदार्थमा मिलाएर खान सकिन्छ । स्वाद र स्वास्थ दृष्टिकोणले पनि यो अति राम्रो तत्व हो ।

हाम्रो भान्छामा खाइने अचार पनि भिटामिन 'सी'ले युक्त हुन्छ । गर्मी शुरु हुने बेलामा अक्षय तृतीयामा कागतीको सर्बत र जौको सातु खान दिने हाम्रा पुर्खाहरूले चलाएका चलन पनि कागतीको महत्त्व बुझेर नै होला । गर्मीको बेलामा कागतीसँग सातु पिउँदा पेट भरिन्छ र गर्मीको बेलामा हुने विभिन्न पेटको गडबडीबाट बच्न सकिन्छ । गर्मीमा शरीरलाई चाहिने ऊर्जा पनि पर्याप्त हुन्छ ।


साइट्रिक एसिड विभिन्न फलफूलमा पाइन्छ भन्ने जानकारी वैज्ञानिकहरूले १७औँ शताब्दीमा पत्ता लगाएका हुन् । शरीरको अतिरिक्त क्रियाकलापहरूलाई सञ्चालन गर्न यो एसिडको महत्त्व छ र कागतीमा यो सहजै पाइन्छ । आजकल कागतीको रस हालेर चिया, सर्वत खान वा पाहुनालाई सत्कार गर्ने चलन बढेको छ ।



गर्मीको बेलामा पनि स्वास्थ्यकर कागतीको सर्बत हामी दिन हिच्किचाउनु पर्दैन । बालबालिकालाई पनि बट्टाको 'जुस' होइन कागतीको सर्बत दिनुपर्छ । यति मात्र होइन, कागतीको रसको प्रयोगले दाँतको गिजाबाट रगत बग्ने समस्यालाई कम गर्न पनि मद्दत गर्छ । त्यसैले गर्भवतीलाई कागती खाने सल्लाह दिने चलन गाउँघरमा अझै पनि छ । रुघाखोकी लाग्दा कागती पानी र मह खानुपर्छ भनेर धेरैले थाहा पाएका छन् । कागतीलाई दैनिक भोजनको नै प्रयोग गरियो भने रोग प्रतिरोधात्मक शक्ति बलियो हुन्छ र हरेक चोटि मौसम बदलिदा रुघाखोकी लाग्न कम हुन्छ भन्ने पनि थाहा पाउनु पर्छ । गाउँघरमा गर्भवती महिलालाई वाकवाक लाग्दा कागती र नून खानु भनेर सल्लाह दिइन्छ र यसले वास्तवमा नै वाकवाक कम गर्छ । कागतीसँगै गर्मीमा प्रयोग गर्नुपर्ने बाबरी वा पुदिना पनि हो । बाबरी (मधेशतिर पुदिना पनि भन्छन्) को अचार बनाएर खाने चलन त पहिलेदेखि नै हो । गर्मीको बेलामा त यो पानीमा हालेर खाए हुन्छ । जुन तरिकाले खाए पनि स्वास्थ्य र स्वस्थ दुवै दिन्छ । वीरेनून र कागती हाली पिसेर बनाइएका पुदिनाले खाना रुचाउनुका साथै पाचन प्रक्रियामा पनि सहयोग गर्दछ । पानीमा बाबरी र कागतीको टुक्रा भिजाएर राख्ने र त्यो पानी पिउनाले धेरै नै लाभ पुग्दछ ।

'पुस्तक समीक्षा'

# मधेशको आन्दोलनको आत्मसमीक्षाको दस्तावेज 'अधुरा क्रान्ति'



वीरेन्द्र रमण

मधेशलाई अपमान गर्न यो देशमा कुनै कारण चाहिँदैन । अकारण अपमानित हुनु मधेशीको नियतिजस्तो बनेको छ । तर वास्तवमा यसको कारक मधेशीको नियति होइन, शासक वर्गको पुस्तैनी नियत हो ।

एउटा हौवा फैलियो – भारतीय अभिनेता हृतिक रोशनले 'नेपाल र नेपालीको अपमान गरे !'

नश्लीय मानसिकतालाई निहुँ न चाहिएको थियो । त्यसपछि उनीहरूले भारतीय र भारतीय अनुहारजस्तै देखिने मधेशीमाथि ज्यादती शुरु गरे । यसक्रममा उनीहरुलाई लुटियो । कैयन् मधेशीका घर–पसल कबलहरू तोडफोड गरियो । सद्भावना पार्टीको वानेश्वरस्थित केन्द्रीय कार्यालयमा पनि आगो लगाइयो । नेताहरुको घरमा ढुङ्गा–मुढा प्रहार गरियो ।

आफ्नै देशभित्र, देशको राजधानीमा नै एक समुदायद्वारा अर्को समुदायमाथि निर्लज्ज र निर्मम आक्रमण गरियो । कालीमाटीका कबाडी सङ्कलन गर्ने, साइकल डोऱ्याएर घरघर तरकारी पुऱ्याउने मधेशी दाजुभाइहरू आक्रमणको तारी बने । उनीहरुका साइकल लुटिए । साइकल डोऱ्याउँदै चुलो–चौकामै तरकारी ल्याइदिने निमुखा मधेशी लुटिँदा कोही स्थानीय बचाउन आएनन् । २०५७ साल पौष ११, १२ र १३ गते नेपालको राजधानी काठमाडौँ र अन्य सहरहरूमा यस्तो अमानुषिक घटना भयो ।

मधेशी समुदायमा भय र आतङ्क छायो । निमुखाहरूमा आर्तनाद छायो । त्यतिबेला सञ्चार मन्त्री थिए जयप्रकाश प्रसाद गुप्ता । उनले घटनालाई स्वःस्फूर्त भने । त्यसपछि मधेशीहरु झन् आहत बन्न पुगे । सञ्चार मन्त्री गुप्ताको अभिव्यक्ति थिएन त्यो । एकल नश्लीय शासकीय प्रणालीले उनलाई त्यो बोल्न लगाइएको थियो ।

हृतिक रोशन काण्ड मधेशीप्रति पहाडिया मनोविज्ञान झल्काउने कारक बनेको थियो । हामी मधेशीले कति अपमान सहनुपर्छ, हेलाहाँसो व्यहोर्नुपर्छ भनेर चिनाउने ऐना पनि बनेको थियो ।

त्यतिबेला हिन्दी पत्रपत्रिका जलाउने, हिन्दी फिल्म चल्न नदिने अभियान चलेको थियो । मधेशी वा भारतीयलाई बाहिर निस्कनै गाह्रो थियो । प्रदर्शनकारीले संयम गुमाइसकेका थिए । उनीहरूले सिनेमा हलहल पुगेर हिन्दी फिल्म बन्द गराए । हिन्दी गीति क्यासेट धमाधम फुटाए । भारतीय फिल्म र कलाकारका पोस्टरहरू च्यात्न थाले । कहीँ कतै श्यामल अनुहार र धोती लगाएको भेटियो कि कुटाइ खाइहाल्ने परिस्थिति बन्यो । नागरिकता देखाएर नेपाली हूँ भन्दा पनि उनीहरूलाई छाडिएन । आन्दोलनले विवेक गुमाएकाले ठाउँठाउँमा कर्फ्यु जारी गरियो ।

हृतिक रोशन घटना मधेशीमाथि नियोजित रुपमा आक्रमणहरु भएको विषयमा यस्ता खालका जानकारी दिएका छन राजेन्द्र महतोको आत्मकथा अधुरा क्रान्तिमा । मधेशको राजनीतिमा चर्तित नेता हुन राजेन्द्र महतो । उनले मधेश र मधेशीको अधिकारको लागि आन्दोलन गरे । नेपाल सद्भावना पार्टीबाट राजनीति गरेका उनले अहिले आएर राष्टिय मुक्ति अभियान संचालन गरिरहेका छन् । मधेशी जनताको अधिरकारको पक्षमा खरो रुपमा बोल्ने नेताको पहिचान बनाएका उनले हालै आफ्नो आत्मकथामा अधारित भएर पुस्तक प्रकाशित गरेका छन् । अधुरा क्रान्तिको नाम दिएर प्रकाशित भएको सो पुस्तक मधेशीको राजनीतिक र भौगोलिक अवस्थाको विषयमा धेरै जानकारी दिएका छन् । मधेशीका नेताहरुले मधेशलाई नै केन्द्रीत गरेर थोरै पुस्तकहरु प्रकाशित गरेका छन् । जति पुस्तकहरु प्रकाशित भएका छन् कि त मधेशको अवस्थाको विषयमा छन् भने कतिपय पुस्तकहरु विभिन्न विचारमाथिको चिन्तन छन् । यस्तो अवस्थामा महतोले आफ्नो आत्मकथाको रुपमा पुस्तक ल्याएका छन् । पुस्तकमा उनले सर्लाहीको ग्रामिण वस्तीको पीडालाई लेखेका छन भने तराई मधेशमा आगलागी र चोरी डकैतीको कारणले त्यो समयमा हुने गरेको पलायनको अवस्थाको विषयमा समेत जानकारी पस्केका छन् ।


नेपाल सद्भावना परिषद गठन भएर संगठित रुपमा मधेशको कुरा उठेको अवस्थामा मधेशको राजनीतिमा विभिन्न पार्टीहरु गठन भएर पार्टीहरु विलिन भए कतिपय पार्टीहरु निर्माणसँगै आफ्नो अस्तित्व समेत समाप्त भए । तर कतिपय पार्टीहरु समेत आफै समाप्त भएको अवस्था छन् । महतो आफै शुरुदेखि संग्लन रहेको नेपाल सदभावना पार्टी समाप्त भए । ३८१ पृष्ठको पुस्तकमा कतिपय ठाउँमा महतोले आफूलाई आत्मरतिमा रमाएको जस्तो समेत देखिएका छन् । अर्थात मधेशीको लागि जे जति गरे मैले गरे । केही ठाउमा इतिहासको विषयमा समेत जानकारी रोचक किसिमले दिएका छन् । तर तीनै इतिहासको विषयमा जानकारी दिँदा दिँदै समान्य त्रुटी समेत देखिएको छ । खास गरेर मिथिलाको विषयमा पुस्तकमा दिएको जानकारीको विषयमा केही त्रुटी देखिएका छन् ।

> "पुस्तकमा उनले सर्लाहीको ग्रामिण वस्तीको पीडालाई लेखेका छन भने तराई मधेशमा आगलागी र चोरी डकैतीको कारणले त्यो समयमा हुने गरेको पलायनको अवस्थाको विषयमा समेत जानकारी पस्केका छन् ।"

तर पुस्तकमा मधेशी जनताको अधिकार र पहिचानको आन्दोलनमा भएको उतार चढावको विषयमा समेत रोचकपूर्ण तरिकाले जानकारी दिइएको छ । विशेष गरेर संविधान सभाको निर्वाचन र सो समयमा भएको आन्दोलन र नाकाबन्दीको विषयमा जानकारी छन् । तर कतिपय ठाउमा पुस्तकले जानकारी मात्रै छन । मधेशको खोजेको अनुउतरित प्रश्नको जवाफ भने पाइदैनन । जस्तो कि मधेशी जनताले गरेको समय समयको आन्दोलनले प्राप्त उपलब्धी लामो नाकाबन्दी तोडिए र तर मधेशी जनताले के पाए आजसम्म यसको जवाफ मधेशी जनता आफ्नो नेताहरुसँग खोजिरहेका छन् । त्यो जवाफ समेत पुस्तकमा कतै भेटिदैनन । मधेशको राजनीतिमा धेरै ठाउमा फोहोरी राजनीति भए जसकारणले मधेशले पाउनु भन्दा समेत धेरै गुमाए । यस विषयमा समेत जानकारी मधेशी जनतले पाउन सकेका छैनन् । तर यस पुस्तकमा मधेशको केही सवालहरुको जवाफ छ भने कतिपय प्रश्नहरुको उत्तर छैन, जो पाउन पुस्तकमा समेत कठिन देखिन्छ । तर मधेशको विषयमा जे जस्तो जानकारी दिइएको छ, त्यो आउने पुस्ताको लागि गतिलो दस्तावेजको रुपमा नै रहन्छ । समान्य नेताको आत्मकथा जस्तो लागेपछि यसले मधेश आन्दोलनको उतार चढावदेखि मधेश आन्दोलनको विषयमा लिपिवद्ध इतिहासको रुपमा रहन्छ ।

अहिलेको मधेशको राजनीतिमा थोरै यस्ता नेता हुन जस्तो आफनो स्वतन्त्र पहिचान रहेको छन । तर अधिकांश नेताहरु सदभावना पार्टीको उत्पादन हुन तर आज सदभावना समाप्त भयो । मधेशमा नयाँ नयाँ पार्टीहरु जन्मिए महतो स्वंय सदभावना पार्टीलाई समाप्त पार्नमा कतै न कतै आफनो भूमिका खेले । तर आज आएर उनी नयाँ मधेशी मुक्ति क्रान्तिको अभियान संचालन गरिरहेका छन् ।

पुस्तकमा विगतको मधेशको आन्दोलनको उतारचढावको विषयमा निर्मम रुपमा आत्म समीक्षा गर्नु पर्दथ्यो । तर यसमा चुकेको जस्तो आभास पाइन्छ । तर सबै दोष राज्यमाथि लगाएर पुस्तकमा त्यो स्तरको जानकारी समेत देखिदैनन् । तर पनि पुस्तक मधेश आन्दोलनको समीक्षाको दस्तावेज हो भने मधेश अधिकारको लागि आउने दिनमा हुन सक्ने आन्दोलनको मार्ग दर्शन पनि हो । पुस्तकमा मधेश आन्दोलनसँग वा महतोले आफनो जीवनका महत्वपूर्ण क्षणसँग सम्बन्धित फोटोहरु राखेको भए अझै रोचक हुन्थ्यो पुस्तक । पुस्तकको अन्तिम पृष्ठमा मधेश आन्दोलनको क्रममा शहिदहरुको नामावली छन् । जो एउटा महत्वपूर्ण दस्तावेज हो ।




सिंहदरबारले सुन्न नचाहेको आवाजलाई अझ टड्कारो तुल्याउँदै सुषुप्त अवस्थामा पुगेको मधेश विद्रोहलाई पुनः जागृत तुल्याउन नयाँ चरणको आन्दोलनमा छन् । आफ्नो राजनीतिक जीवन र मधेशमा उठेको विद्रोहको समवेत आवाजलाई हृदयबाट पस्किएका महतोको 'अधुरा व्रm ान्ति' ले मधेशको मनोदशा अझ नजिकबाट बुझ्न सघाउँछ ।

पुस्तकः अधुरा क्रान्ति संर्घष मातृभूमिका लागि

लेखकः राजेन्द्र महतो

प्रकाशकः पाइन प्रकाशक प्राईभेट लिमिटेड

पृष्ठः ३८१

मूल्यः ७७०/– रुपैयाँ

वैभव मधेशदृष्टि
२०८१ साल जेठ ०५ गते शनिबार
Saturday 18, May 2024



# ‘उप’ भन्ने भाष्य चिर्न लागिपरेको छु



सभामुखसँगसँगै काम गर्नुपर्ने हुन्छ । तर म ‘रबर स्ट्याम’ मात्र हैन । मेरो पनि कुरा सुनिनुपर्छ । सरसल्लाह दिने, सहयोग गर्ने र सदनलाई प्रभावकारी बनाउने भूमिकामा म पनि उत्तिकै सक्रिय छु । म सांसद हो, अहिले ५३ वर्षको उमेरसम्म आइपुग्दा धैरै अनुभवहरु मसँग पनि छन् ।

**इन्दिरा राना**
उपसभामुख

**काठमाडौँ ।**
‘आमा’ उर्फ इन्दिरा रानाको परिचय र पहिचानमा अहिले ‘उपसभामुख’ को जिम्मेवारी थपिएको छ । पदीय जिम्मेवारीसँगै दैनिकीमा व्यस्तता थपिएको छ । तीन दशक बढी जेल सुधार कार्यमा संलग्न राना पहिलोपटक राजनीति र संसद्मा प्रवेश गरेकी छन् । सामाजिक रुपान्तरणको अभियानबाटै आएको हुनाले आफूमा अभियन्ताको छनक अझै देखिने उनको बुझाइ छ । सदन प्रभावकारी सञ्चालनको लागि उपसभामुखको भूमिका उत्तिकै महत्वपूर्ण हुन्छ । उपसभामुख कामविहीन हुन्छन् भन्ने गलत भाष्यलाई चिर्न आफू प्रयत्नरत रहेको उनी बताउँछन् ।
उपसभामुख राना सदनको प्रभावकारी सञ्चालनका लागि सभामुख र उपसभामुखको प्रयासमात्र पर्याप्त नहुने बताउँछन् । जनताको अपेक्षामा खरो उत्रिनका लागि सत्तापक्ष, प्रतिपक्षका सबै सांसद र शीर्ष दलका नेतृत्वहरु राष्ट्रिय हितका लागि सहमतिको केन्द्रमा आउनुको विकल्प नभएको उनको भनाइ छ । सदनलाई सत्ता परिवर्तन र एकअर्काप्रति दोषारोपणको थलो मात्र बनाउँदा जनतामा गलत सन्देश जाने उपसभामुख राना बताउँछन् । २०७९ सालमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट राजनीतिमा आबद्ध भएकी उनी समानुपातिक निर्वाचन प्रणालीबाट निर्वाचित प्रतिनिधिसभाको सदस्य हुन् । उपसभामुख बनेपछि पार्टीको जिम्मेवारीबाट अलग छन् ।
सन् १९९० देखि जेल सुधारसम्बन्धी कार्यमा संलग्न उहाँले जेलमा आश्रित बालबालिकालाई शिक्षा, पालनपोषणलगायत विभिन्न समाज सेवा एवम् कल्याणकारी कार्यमा क्रियाशील थिइन् । रानाले २०५७ सालमा ‘बन्दी सहायता नेपाल’ नामक गैरसरकारी संस्थाको स्थापना गरी यस क्षेत्रमा काम गरेकी थिइन् । विभिन्न जेलमा परेका बाबुआमाका बालबालिकाको हक, शिक्षा, स्वास्थ्य, सुरक्षा उपलब्ध गराउँदै आउनुभएको उनले बन्दी महिलालाई शिक्षा, सीपको लागि काम गरेकी छन् ।
उनको जन्म सन् १९७० मा झापा जिल्लाको शनिश्चरे–६ सालबरा गाउँमा भएको थियो । अध्ययन र रोजगारका लागिका लागि काठमाडौँ आएकी उनले १८ वर्षको उमेरमा एक विद्यालयमा अध्यापन गराउन थालिन् । शिक्षिकाको रूपमा काम गर्ने क्रममा प्रसिद्ध लेखिका पारिजातसँगको भेटपछि सामाजिक रुपान्तरणको अभियानमा अग्रसर भइन् । प्रस्तुत छ, सामाजिक रुपान्तरणका लागि राजनीतिक प्रतिबद्धताको आवश्यकता महसुस गरेरै राजनीतिमा प्रवेश गरेकी उपसभामुख रानासँग राससका समाचारदाता भीष्म ओझा र सिर्जना राईले गरेको कुराकानीको सारसंक्षेपः

**तीन दशक सामाजिक अभियानहरुमा संलग्न तपाई केही समययता राजनीतिमा लागेर प्रतिनिधिसभा सदस्य र अहिले उपसभामुखको जिम्मेवारीमा हुनुहुन्छ । यो एक वर्ष संसद्भित्रको अनुभवलाई लिनुभएको छ ?**

सडकको कुरा सदनमा बुलन्दरुपमा गुञ्जियोस् भन्ने जुन सोच लिएर आएको थिएँ, त्यो अलिक फरक पाएँ । धेरै समयसम्म राजनीतिमा आबद्ध नभई सामाजिक अभियानमा आबद्ध भएँ तर राजनीतिक प्रतिबद्धता समाजिक रुपान्तरण र देशको समृद्धि सम्भव नहुने महशुसले राजनीतिमा प्रवेश गरेँ । सदनमा विधेयक बन्ने र बनिसकेको ऐन कानून कार्यान्वयन गर्दा कुनै अप्ठ्यारो आए परिवर्तन, परिमार्जित गर्नेमा केन्द्रित हुनाले सुरुसुरुमा बाहिर बसेर सोचेको भन्दा अलिक फरक महसुस भयो । यद्यपि, मलाई दिइएको जिम्मेवारी, यो पद एकदमै राम्रो लागेको छ । राष्ट्र र जनताका लागि निष्पक्ष भएर काम गर्दा मलाई रमाइलो लागिरहेको छ । मेरो जिन्दगी नै सामाजिक न्यायका लागि व्यतित गर्दै आएकाले मलाई यो जिम्मेवारीसँग अझ बढी लगाब भएको हो ।

**सङ्घीय संसद्बाट अपेक्षाकृत नीतिनिर्माण हुनु किन सकिरहेको छैन ?**

हो । अपेक्षाअनुसार कानुन निर्माण हुन सकेको छैन । प्रतिपक्ष दलको धर्म भनेकै सरकारको निगरानी र खबरदारी गर्ने हो । त्यसको पालनामा सुझबुझ हुनुपर्दछ भन्ने लाग्दछ । सदन ‘अर्डर’मा भए मात्र सञ्चालन गर्न सकिन्छ । सदनमा आन्दोलन र अवरोध भए सञ्चालन सम्भव हुँदैन । कतिपयले जिज्ञासा राख्नुहुन्छ । सांसदलाई किन बोल्न दिनुभएन ? किन माइक बन्द गरिदिनुभयो भन्नुहुन्छ । मैले त संसदीय नियमअनुसार समयको व्यवस्थापन गर्नुपर्ने हुन्छ । यसरी हेर्दा संसदको समय केमा खर्च भइरहेको छ भन्ने पनि हो ।

**उसोभए प्रतिपक्ष दलका सांसदहरु आफ्नो भूमिकामा चुकेको हुने त ? कानुन निर्माण नहुनुमा के प्रतिपक्ष मात्र जिम्मेवार हो ?**

त्यस्तो हैन । उहाँहरुले उठाइरहनु भएको विषय अत्यन्त संवेदनशील विषय हो, जनतासँग जोडिएको विषय हो । समाजवाद उन्मुखसँग जोडिएको विषय हो सहकारी । तर नियमहरु राम्ररी बनेन् । सहकारीको नीति एउटा व्यवहारमा अर्को अभ्यास छ । व्यवहार र नीतिलाई एउटै बनाउने र नियमन गरेर लैजान आवश्यक छ । मिलेर जाने विषय हो । एकअर्कालाई दोषारोपण गरेर मात्र हुँदैन । शीर्ष दलहरु एउटा केन्द्रमा आएर सहमतिमा आउनुपर्‍यो ।

**तपाईको जिम्मेवारीतर्फ नै फर्कौं, सदन प्रभावकारी बनाउन उपसभामुखको भूमिका कति महत्वपूर्ण हुने रहेछ ? अझ प्रभावकारी बनाउन के गर्न सकिन्छ ?**

संविधानतः सभामुख नहुँदा उहाँको जिम्मेवारी उपभामुखले लिने हो । सभामुख ब्यस्त भएको समयमा सदन सञ्चालनको जिम्मेवारी लिनुपर्छ । उपभामुख संवैधानिक परिषदको सदस्य हुने हुँदा त्यसमा पनि मेरो प्रभावकारी भूमिका हुनुपर्छ । सङ्घीय संसद सचिवालयको व्यवस्थापन समितिको सदस्यको रुपमा पनि मेरो भूमिका हुन्छ । दुवै सदनलाई राम्रो ग¥यो भने हाम्रो भूमिका बढ्ने हो । नियम कानून निर्माणको कारखाना हो सदन । कार्यपालिकालाई निगरानी र खबरदारी गर्ने काम पनि हाम्रो हो ।

**तपाई आफ्नो भूमिकाप्रति चाहिँ कत्तिको सन्तुष्ट हुनुहुन्छ ?**

म सन्तुष्ट नै छु । सभामुखसँगसँगै काम गर्नुपर्ने हुन्छ । तर म ‘रबर स्ट्याम’ मात्र हैन । मेरो पनि कुरा सुनिनुपर्छ । सरसल्लाह दिने, सहयोग गर्ने र सदनलाई प्रभावकारी बनाउने भूमिकामा म पनि उत्तिकै सक्रिय छु । म सांसद हो, अहिले ५३ वर्षको उमेरसम्म आइपुग्दा धैरै अनुभवहरु मसँग पनि छन् । सामाजिक रुपान्तरणका लागि मेरो आधा जीवन गएको छ । सबै प्रकारका व्यक्तित्व र नेतृत्वको सङ्गतले पनि म उपसभामुखको जिम्मेवारीमा रहिरहँदा पनि आफना धारणाहरु राख्न मन लाग्छ । म भन्छु, पाउनुपर्छ । तर कसैलाई आरोपप्रत्यारोप लगाएर हैन, सबैलाई समान व्यवहार गर्नुपर्छ । तर यस्तो हुनुपर्छ है भन्न पाउनुपर्छ ।

तर यस पदलाई ‘उप’ भन्ने भाष्य खडा भएको छ । यसलाई चाहिँ म खण्डन गर्छु । सदनलाई निष्पक्ष र प्रभावकारी ढङ्गले सञ्चालन गर्नु उपसभामुखको जिम्मेवारी हो । उपसभामुख कामबिहीन छैन । संसद् चल्दा मात्र उपसभामुख देखिने र पालो दिने मात्र काम हो भन्ने भाष्य गलत हो । मैले काम गरिरहेको छु । सांसदहरुको क्षमता अभिवृद्धिका लागि तालिमको कार्यक्रमहरु सञ्चालन गरिरहेको छु । सभामुखको व्यस्ततामा सम्हाल्ने जिम्मेवारीबाहेक पनि त्यतिकै बसेको छैन । जनताको गुनासो सुन्नदेखि उहाँहरुले बोलाएको ठाउँमा सक्दो पुग्ने प्रयास गरिरहेकै हुन्छु ।

**सांसदले सरकारले व्यवसाय नदिएको गुनासो गरिरहने र यता सरकारले संसदीय समितिमा विधेयकहरु अड्कियो भन्ने सुनिन्छ, कुरा बाझियो नि ?**

यत्रो दिन सदन अवरोध भइरहेको छ । त्यो भनेको सरकारले व्यवसाय नदिएर हैन, व्यवसाय छ । त्यसमा सबैको उतिकै भूमिका हुनुपर्छ । सांसदहरु समयमा आउनुप¬यो, कतिपय संसदीय समिति र सदनमै पनि गणपूरक संख्या नपुगेर बैठक स्थगन भइरहेको छ । सांसदको जिम्मेवारी साधारण हैन । आज सांसद हुनुहुन्छ भोलि सरकारको जिम्मेवारी बहन गर्नुपर्ने हुनसक्छ । एकअर्कालाई दोष दिएर हुने केही हैन । हरेक अङ्गहरु सङ्गठित र मजबुद हुनुप¥यो । देश र जनताको मुद्दामा घनिभूत छलफल हुनुप¥यो । व्यक्तिगत, दलीय स्वार्थ, सत्ताभन्दा माथि उच्च राखेर जनताको हितमा काम गर्ने सपथ खाएका छौँ । सपथ खाएजस्तो व्यवहार पनि हुनुप¥यो ।

**सांसदहरु दलीय स्वार्थमाथि उठेर सदनमा राष्ट्रिय मुद्दामा एकमत हुन नसकेको हो ? किन ?**

मेरो अनुभवमा पनि हाम्रो अभ्यास सत्ताकै लागि बढी भएको छ । त्यो पनि गर्नुपर्छ किनभने एउटा रणनीति चाहनु स्वाभाविक पनि हो । तर राम्रा कामका लागि सहमति जुट्न आवश्यक छ । सरकारलाई खबरदारीसँगै राष्ट्रिय हितको विषयमा त सहकार्य हुनुप¥यो नि । शीर्ष नेताहरुबीच छलफल गरेर सहमतिमा आउनुपर्छ, सदन प्रभावित बनाउनु हुन्न । हामीले अन्तर्राष्ट्रिय संसदीय अभ्यासहरुबाट पनि सिक्नुपर्छ ।
अर्कातर्फ स्थिर सरकार नहुँदा पनि धैरै विकासका काममा बाधाहरु आएका छन् ।

**के सङ्घीय संसद्मा उठने महिला, बालबालिका, सिमान्तकृत, अल्पसंख्यकको मुद्दा पर्याप्त छन ?**

छैनन नि ! महिला, बालबालिका मात्र हैन सिमान्तकृत र अपाङ्गता भएका व्यक्तिहरुको मुद्दा पर्याप्त उठन नसक्नु दुःखद् हो । बाल संरक्षणको नीति बन्न सकेको छैन । अधिकारका कुराहरु नभएका हैनन् तर सचेतनाका कार्यक्रमबाहेक अरु हुन सकेको छैन । नेपालमा गर्व गर्न लायक हिमाल छ, झरना छ, नदी, तालतलैया छन् त्यो भन्दा सुन्दर भनेको हाम्रा मान्छे हुन् ।
उनीहरु आफैँ खनिखोस्रिएर, भारी बोकेर भए पनि आत्मनिर्भर छन् । उनीहरुलाई थोरै आधार प्रदान गर्न सक्नु पनि हाम्रो उपलब्धि हो । उनीहरुमा राज्यले लगानी गर्न आवश्यक छ । अवसरहरु उपलब्ध गराउँदै देशभित्र टिक्नसक्ने अवस्था बनाउनु पर्‍यो ।

**संसद्मा सांसदहरु नीति र विकासको कुरा सँगसँगै जानुपर्छ भन्ने चर्चा भइरहन्छ । सांसद विकास कोषका नामले परिचित संसदीय क्षेत्र पूर्वाधार विकास कार्यक्रम कार्यान्वयनमा सर्वोच्च अदालतले रोक लगाएको छ । तपाईंको यसबारे धारणा के हो ?**

म समानुपातिक निर्वाचन प्रणालीबाट आएको सांसद हो । तर यस कोषमा समानुपातिक र प्रत्यक्ष निर्वाचित सांसदबीच विभेद् देखिनु हुन्न भन्ने मेरो बुझाइ हो । अर्कातर्फ यसले अझ राजनीतिक खेलबाडलाई प्रोत्साहन गर्दै आएको छ । विकासका लागि भनेर जाने बजेटले एउटा जिल्लाको एउटा क्षेत्रलाई मात्र हेर्दा त्यहाँ अझ राजनीतिक खेलबाड भइरहेको हुन्छ । त्यसैले सरकारको नीतिमा नै हरेक क्षेत्रमा बराबर बजेट छुट्याइनुपर्छ । भूगोलको समावेशितालाई ध्यान दिएर प्राथमिकता छुटयाउनुपर्छ । आवश्यकताका आधारमा प्राथमिकतामा खर्च हुनुपर्छ । जो नेता भएका छन्, उहाँहरुले मात्र आफनो क्षेत्रमा योजना लग्ने भन्नु पनि राम्रो हैन । विकासको नाममा आफ्नै नाममा नेताहरुले मात्र लैजाने गर्नु हुँदैन । जहाँ आपत्त छ, त्यहाँ प्रयोग गर्न सकियोस् ।

**महिलालाई संविधानले अनिवार्य भनेका बाहेक जिम्मेवारी दिन कञ्जुस्याइँ गरियो भन्ने धैरै महिला नेत्रीहरुको गुनासो छ । तपाईको यसप्रति धारणा के हो ?**

कपूरै कञ्जुस्याइँ गरिएको छ । हामीलाई संविधानतः ३८ प्रतिशतमा लगेर विशेष अधिकार दिइएको छ भन्दै नागरिक अधिकार पनि कुण्ठित पारिएको छ । श्रीमान् कि त मुर्नप¥यो कि त बेपत्ता हुनुप¥यो अनि मात्र आमाको अधिकारको कुरा आउँछ, कति बच्चाले यसकारण पनि नागरिकता पाएका छैनन् । अर्को कुरा नेतृत्वमा भएका महिलाहरु पनि स्वतन्त्र निर्णय लिने क्षमतामा हुनुहुन्न । धैरै महिला सांसदहरु ‘रबर इस्ट्याम’ जस्तो हुनुभएको छ । त्यसो हुनुभएन । समानुपातिकबाट आउनुभएका धैरै महिला सांसदहरु स्वतन्त्र र निर्धक रुपमा रचनात्मक रुपले सदनमा प्रस्तुत हुन सकिरहेको अवस्था छैन । सांसद भएपछि उहाँहरुको भूमिका पनि त्यस्तै बलियो हुनुपर्यो । निर्णय पनि आफनो हुनुप¥यो, अरुले सुगा रटाए जस्तो हुनुभएन ।

**तपाई संवैधानिक परिषद्को सदस्य पनि हुनुहुन्छ, पदाधिकारी नियुक्ति प्रायःजसो चर्चाको मात्र हैन आलोचनाको विषय पनि बन्छ, राजनीतिक भागबन्डामा सीमित हुन्छ भनिन्छ, हो त ?**

राजनीतिक भागबन्डाको विषय बन्नुहुन्न भनेरै म सहभागी भएको बैठकमा स्पष्टरुपमा आफनो कुरा राख्दै आएको छु । मेरो मात्र निर्णयले हुने कुरा हैन, मैले हरेक ठाँउमा खण्डन चाहीँ गरेको हुन्छु । आफनो तर्क राखेकै हुन्छु ।

**यसअघिका उपसभामुख भन्दा तपाई के कारणले फरक ?**

म सामाजिक अभियानबाटै आएको हुनाले अभियन्ताको छनक देखिन्छ, म स्पष्ट आफ्ना कुरा राख्छु । पदीय मर्यादालाई ध्यानमा राख्छु । यद्यपि, म एक महिला, आमा र सांसद पनि हो । मैले महिला, जनजाति, सिमान्तकृत वर्गहरुको, उत्पीडन पिछडिएको, कैदबन्दीका लागि काम गर्दै आएको हुनाले पनि त्यो आवाज त मेरो जिन्दगी हो । त्यसैले उपसभामुख भए पनि त्यो आवाज बोलिरहन्छु, सायद त्यही फरक छ । कति सांसदहरुले मलाई महिला सशक्तीकरणमा लाग्नुभयो भनेर गिज्याउनुहुन्छ । मैले उहाँहरुलाई सोध्ने गरेको छु, महिलाले जन्माउने तपाईहरुलाई, हिँड्नेदेखि बोल्न सिकाउने तपाईलाई महिला सशक्तीकरण भनेकै पुरुष पनि सशक्तीकरण हुनु हो भन्ने जवाफ दिन्छु ।

**अन्त्यमा, युवाहरु विदेश पलायन क्रम बढ्दो छ, तपाईं आफैँले पनि बालबालिका हुर्काइरहनुभएको छ । उनीहरुलाई देशभित्रै बस्ने विश्वासको वातावरण सिर्जना गर्न के गर्नुपर्ला ?**

शिक्षाबाटै मातृभूमिप्रतिको प्रेम जगाउन सक्नुपर्छ । नेतृत्वले पनि पछिल्ला पुस्ताले हामीबाट के सिक्ने भन्ने कुरामा सचेत हुनुपर्छ । लगानी गर्नु र अवसर दिन सकियो भने पनि हाम्रा पछिल्ला पुस्तालाई देशभित्र टिकाउन सकिन्छ । साधारण जनतालाई क्रसित बन्ने वातावरण बनाउनु हुँदैन । अर्कातर्फ आमाबुबाले पनि बुझ्न प¥यो । उहाँहरु आफना छोराछोरीलाई निजी विद्यालय पढाउने र विदेश पठाउने ध्यानमा हुनुहुन्छ । त्यसमा पनि घरबाटै सोच्नुपर्ने विषय हो । रासस

# गाउँमै स्वास्थ्य सेवा पाएपछि बागमतीका स्थानीय खुसी

**एसपी गौरब**
**सर्लाही ।**
सर्लाहीको बागमती नगरपालिकामा सुविधा सम्पन्न स्वास्थ्य सेवा सञ्चालन पाएपछि स्थानीय खुसी भएका छन् । बागमती नगरपालिका वडा नम्बर १२ स्थित रहेको स्वास्थ्य चौकी कर्मैयामा पूरै शरिर चेकजाँचदेखि अन्य ल्यावसहितको स्वास्थ्य सेवाहरु सहज रुपमा स्वास्थ्य सेवा पाउन थालेपछि स्थानीयमा खुुसी थपिएको छ । मधेश प्रदेश सरकारले दिएको केही स्वास्थ्य उपकरणहरुमा बागमती नगरपालिकाले थप उपकरणहरु खरिद गरेर पूरै शरिर चेकजाँचदेखि अन्य ल्यावसहितका स्वास्थ्य सेवाहरुलाई व्यवस्थित पार्दै सहज रुपमा स्वास्थ्य सेवा सञ्चालन शुरु गरेपछि बिरामीहरुको संख्याप नि निकै बढेको बागमती नगरपालिकाको स्वास्थ्य शाखाका प्रमुख पदम रायमाझीले जानकारी दिए ।

उनका अनुसार ९८ प्रकारका औषधीहरु निःशुल्क वितरण भइरहेको साथै स्वास्थ्य चौकीबाट प्रदान हुने सबै प्रकारका स्वास्थ्य सेवाहरुका साथै सबै प्रकारका ल्याव (प्रयोगशाला) चेकजाँच स्वास्थ्य चौकी कर्मैयामा हुने गरेको छ । बामगती नगरपालिका वडा नम्बर १२ स्थित रहेको स्वास्थ्य चौकी कर्मैया नजिकै १५ शैयाको नगर अस्पताल निर्माणाधीन अवस्थामा रहेको र अहिले स्वास्थ्य चौकी कर्मैयाकै संरचनामा बागमती जनस्वास्थ्य प्रयोगशाला (ल्याव) पनि सञ्चालन भइरहेको स्वास्थ्य चौकी कर्मैयाका प्रमुख जन स्वास्वस्थ्य निरिक्षक धिराज घिमिरेले जानकारी दिए । उनले बागमती जनस्वास्थ्य प्रयोगशाला (ल्याव) सञ्चालनबाट स्वास्थ्य चौकी कर्मैया सर्लाहीमै प्रथम भएको समेत बताए ।

मधेश प्रदेशका सबै एक सय ३६ वटै पालिकाहरुमा मधेश प्रदेश स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले केही उपकरणहरु सहयोग गरेकोमा सर्लाहीका मात्र नभई मधेश प्रदेशकै धेरै पालिकाहरुले सो उपकरण जडान गरी प्रयोगमा समेत ल्याउन नसकी रहेको अवस्थामा बागमती नगरपालिका आफैले त्यसमा थप उपकरणहरु खरिद गरेर नागरिकमूखी स्वास्थ्य सेवा सञ्चालन गरेको बागमती नगरपालिकाको स्वास्थ्य शाखाले जनाएको छ ।

बागमतीका जनतालाई सामान्य खालका स्वास्थ्य समस्या देखा पर्नासाथ उपचारका लागि कहाँ जाने भन्ने चिन्ताबाट मुक्त गराउन बागमती नगरपालिकाका सबै जनप्रतिनिधिहरु एक भएर लागिरहेको बागमती नगरपालिकाकी नगर उपप्रमुख लिला मोक्तानले बताइन् । सबै भन्दा पहिला मानिस स्वास्थ्य रह्यो भने मात्र उसलाई शिक्षा, रोजगारी, विकास निर्माण र जीवनमा आवश्यक पर्ने अन्य आवश्यकताहरु क्रमश पूरा हुँदै जान्छन् भन्ने मान्यताका साथ स्वास्थ्य सेवा सञ्चालनमा ल्याइएको उनले बताइन् । उनका अनुसार ल्यावसहित स्वास्थ्य सेवा सञ्चालन हुनु पूर्व दैनिक बढीमा २० जनासम्म बिरामीहरु उपचारका लागि आउने गरेकामा बागमती जनस्वास्थ्य प्रयोगशाला (ल्याव) सञ्चालनबाट स्वास्थ्य चौकी कर्मैया सर्लाहीमा बिरामीहरुको चाप बढेर दैनिक ६० जनासम्म बिरामीहरु विभिन्न किसिमका रोगहरुको उपचार गर्न आउने गरेका छन् ।

विपन्न तथा सुकुम्बासीहरुको बसोबास बढी रहेको बागमती नगरपालिकाबासीलाई ल्यावसहितको सुविधा सम्पन्न स्वास्थ्य सेवा गाउँमै न्यून शुल्कमा पाउँदा ठूलो राहत भएको र बाहिर जाने झन्झटबाट मुक्ति मिलेको बागमती नगरपालिका वडा नम्बर १२ का वडाध्यक्ष ओम बहादुर श्रेष्ठले बताए । उनका अनुसार ल्याव, प्रसुतीसहित धेरै प्रकारका चेकजाँचसहित औषधी समेत गाउँकै स्वास्थ्य संस्थामा पाउने भएपछि औषधी किन्न जान झण्झट भएका तथा चर्को शुल्क तिरेर औषधी खरिद गर्नु पर्दा आर्थिक समस्यामा परेका बागमतीबासीमा नियमित औषधी सेवन तथा चेकजाँचमा ध्यान पुगेको छ । स्वास्थ्य संस्थामा अहिले ९८ प्रकारका औषधीहरु निरन्तर रुपमा निःशुल्क वितरण गरिरहेको र बागमती जनस्वास्थ्य प्रयोगशाला(ल्याव)मा ६२ प्रकारका स्वास्थ्य समस्याहरुको चेकजाँच हुने र निःशुल्कदेखि बढीमा तीन सय रुपैयाँसम्ममा चेकजाँच हुने गरेको स्वास्थ्य चौकी कर्मैया प्रशासनले जनाएको छ ।


**जनकपुरमा शाही स्नान :** जानकी नवमी उत्सवको अवसरमा शुक्रबार जनकपुरको दुधमती नदीमा शाही स्नान गर्दै भक्तजन । तस्बिरः चन्दन ठाकुर/रासस

# दुर्घटनामा एकको मृत्यु तीन घाइते

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको बैररियामा बिहीबार राति दुईवटा मोटरसाइकल आपसमा ठोक्किएर भएको दुर्घटनामा एक जनाको मृत्यु भएको छ भने तीन जना घाइते भएका छन् । मृत्यु हुने वीरगंज महानगरपालिका वडा नम्बर १९ केहुनियाँका २२ बर्षिय इरफान मियाँ रहेका छन् । प्रहरीका अनुसार, पोखरिया नगरपालिका वडा नम्बर ९ बैरियामा मधेश प्रदेश ०३–०३१ प ९६७५ नम्बरको मोटरसाइकल र ना २८ प ९४४३ नम्बरको मोटरसाइकल बिहीबार राति सवा १० बजे आपसमा ठोकिएका थिए ।

दुर्घटनामा मधेश प्रदेश ०३–०३१ प ९६७५ नम्बरको मोटरसाइकलमा सवार मियाँको मृत्यु भएको पर्साका प्रहरी प्रवक्ता प्रहरी नायब उपरक्षिक कुमार विक्रम थापाले जानकारी दिए । दुर्घटनामा गम्भीर घाइते भएका उनलाई उपचारका लागि वीरगंजको नीलकण्ठ अस्पतालमा ल्याउने क्रममा बाटोमै मृत्यु भएको थापाले बताए । दुर्घटनामा घाइते भएका मधेश प्रदेश ०३–०३१ प ९६७५ नम्बरको मोटरसाइकलका चालकसहित सवार ३ जना घाइते भएका छन् । चालक वीरगंज नम्बर १९ केहुनियाँकै ३५ बर्षिय रामु पासवानको अवस्था गम्भीर रहेको र उनको बारा परवानीपुरको एलएस न्यूरो अस्पतालमा उपचार भइरहेको थापाले जानकारी दिए । ना २८ प ९४४३ नम्बरको मोटरसाइकलका चालक आशीष कुमार गुप्तालाई भने प्रहरीले नियन्त्रणमा लिएर राखेको थापाले बताए ।

# विद्यार्थी जनमत संघको आयोजनामा रक्तदान



**मधेशदृष्टि**
**वीरगंज ।**
जनमत पार्टीको भातृ संगठन विद्यार्थी जनमत संघले शुक्रबार वीरगंजमा रक्तदान कार्यक्रमको आयोजना गरेको छ । ठाकुरराम बहुमुखी क्याम्पसमा विद्यार्थी जनमत संघको ईकाइ समितिले आयोजना गरेको रक्तदान कार्यक्रममा ४ महिलासहित १९ जनाले रक्तदान गरेका छन् ।

रक्तदान गर्नेहरुमा जनमत पार्टीका पर्सा जिल्ला अध्यक्ष ओमप्रकाश सर्राफ, सन्जय सिंह, सागर पटेल, सीता थापा, प्रमीला श्रेष्ठ, सन्जु कुमारी कुशवाहा, साक्षी श्रीवास्तव, आनन्द कानु, मोहन चौधरी, लालदेव यादव, सुजित केशरी, रोहित पटेल, अभिषेक झा लगायतका रहेको रक्त सञ्चार केन्द्र वीरगंजका प्राविधिक प्रमुख सौरभराज पाण्डेले जानकारी दिए ।

कवीरगंजको रक्त सञ्चार केन्द्रमा अहिले गर्मीका बेला रगतको अभाव रहेको र त्यसले अस्पतालमा बिरामीहरुको उपचारमा समस्या भइरहेको गुनासो आएपछि रक्तदान कार्यक्रमको आयोजना गरिएको विद्यार्थी जनमत संघका ईकाइ अध्यक्ष अभिषेक झाले बताए । जनमत विद्यार्थी संघका ईकाइ अध्यक्ष अभिषेक झाको अध्यक्षता तथा जनमत पार्टी पर्साका अध्यक्ष ओमप्रकाश सर्राफको प्रमुख आतिथ्यतामा भएको रक्तदान कार्यक्रममा जनमत पार्टीका नेताहरु मुकेश द्धिवेदी, सन्जय सिंह लगायतको पनि सहभागिता रहेको थियो ।


# पटेर्वा सुगौलीमा एम्बुलेन्स सञ्चालन



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पटेर्वासुगौली गाँउपालिकाले नयाँ एम्बुलेन्स खरिद गरि सञ्चालनमा ल्याएको छ । शुक्रबार गाँउपालिकाका अध्यक्ष दिनेश चौधरीले एम्बुलेन्सको पूजापाठ गरेर एम्बुलेन्स सेवाको समुद्घाटन गरेका हुन् । गाँउपालिकाकी उपाध्यक्ष ममता महत्तोका अनुसार, पटेर्वासुगौली गाँँउपालिकाका सबै वडामा एम्बुलेन्स सेवा यसअघिदेखि नै उपलब्ध रहेपनि गाँउपालिका आँफैले भने पहिलो पटक नेपाल सरकारको भन्सार राजश्व छुटमा २१ लाख रुपैयाँमा नयाँ एम्बुलेन्स खरिद गरेर शुक्रबारदेखि सञ्चालनमा ल्याएको हो ।

पटेर्वासुगौली गाँउपालिका वडा नम्बर ४ सुगौलीमा निर्माणधिन १० शैयाको आधारभूत अस्पताललाई लक्षित गरी गाँउपालिकाले आफनै एम्बुलेन्स सेवा सञ्चालनमा ल्याएको गाँउपालिका उपाध्यक्ष महत्तोले बताइन् । उनका अनुसार, सुगौलीमा निर्माणधिन १० शैयाको आधारभूत अस्पतालको निर्माण कार्य यहि जेष्ठमहिनाभित्रै सम्पन्न गरेर सञ्चालनमा ल्याउने तयारी छ । शुक्रबारदेखि गाँउपालिकाले सञ्चालनमा ल्याएको एम्बुलेन्सको सेवाका लागि न्युनतम शुल्क मात्र लिइने बताउँदै गाँउपालिका अध्यक्ष चौधरीलले त्यसको दररेट पालिकाको आगामी बोर्ड बैठकबाट तय गरिने जानकारी दिए ।

# स्कूल बस र मोटरसाइकल ठोकिँदा युवकको मृत्यु



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषामा स्कूल बस र मोटरसाइक ठोक्किँदा एक युवकको मृत्यु भएको छ । मृत्यु हुनेमा मोटरसाइकल चालक विदेह नगरपालिका ७ बस्ने २० वर्षीय सन्तोष यादव छन् । धनुषा प्रहरीका अनुसार शुक्रबार बिहान पौने ११ बजेतिर हुलाकी सडकखण्ड अन्तर्गत विदेह नगरपालिका ७ जोगियारास्थित तिनकोरियाबाट औरही तर्फ आउँदै गरेको प्रदेश २ ००२ ००४ प ३७८२ नम्बरको मोटरसाईकल र विपरीत दिशातर्फबाट जाँदै गरेको ना ४ ख ५७० नम्बरको लर्ड गणेश ईंगलिस बोर्डिंग स्कूलको बस ठोक्किएको थियो । ठक्करबाट गम्भीर घाइते भएका यादवलाई उपचारको लागि जनकपुर ल्याउँदै गर्दा बाटोमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ । दुर्घटनामा मोटरसाइकलमा पछाडि सवार स्थानीय सुमित राय घाइते भएका छन् । उनको जनकपुरधाम स्थित रामजानकी हस्पिटलमा उपचार भइरहेको प्रहरीले जनाएको छ । दुर्घटना भएको मोटरसाईकल र बस प्रहरीको नियन्त्रणमा रहेको जनाएको छ ।

# रुंगटा वेलफेयरद्वारा विद्यालयमा पंखा सहयोग



**मधेशदृष्टि**
**वीरगंज ।**
रुंगटा वेलफेयर सोसाइटीले वीरगंजको एक सरकारी विद्यालयमा १० थान विद्युतीय पंखा सहयोग गरेको छ । सोसाइटीले वीरगंज महानगरपालिका वडा नम्बर २१ सुखचैनामा रहेको नेपाल राष्ट्रिय गीता गजेन्द्र माध्यमिक विद्यालयमा १० थान पंखा सहयोग गरेको हो । शुक्रबार सोसाइटीका कोषाध्यक्ष सुरेश कुमार रुंगटाले आफना प्रतिनिधिलाई विद्यालयमै पठाएर प्रधानाध्यापक अरविन्द लाललाई ती पंखा प्रदान गरेका |हुन् । साथै रुंगटाले आँफैले मिस्त्री पठाएर ती पंखाहरु कक्षाकोठाहरुमा जडानसमेत गराइदिएको जसपाका युवा नेता एवम् स्थानीय सरोज यादवले जानकारी दिए ।

विद्यालयका कक्षा कोठामा पंखा नहुदाँ गर्मीका कारण विद्यार्थीहरुलाई पठनपाठनमा समस्या भएको गुनासो आएपछि रुंगटा वेलफेयर सोसइटीले शुक्रबार विद्यालयलाई १० थान पंखा सहयोग गरेको यादवले बताए ।

# बस दुर्घटना हुँदा ३२ जना घाइते

**मधेशदृष्टि**
**वीरगंज ।**
जनकपुरबाट वीरगंज आउँदै गरेको बस रौतहटको जङ्गलमा पल्टिएको छ । शुक्रबार बिहान करिब साढे ६ बजेको समयमा जनकपुरबाट वीरगंज आउँदै गरेको ना ४ ख ४१२४ नम्बरको बस पूर्वपश्चिम राजमार्गस्थित चन्द्रपुर २ को लच्का नजिक पल्टिएर दुर्घटना भएको हो ।

अचानक बस पल्टिँदा सो बसमा सवार ३२ जना घाइते भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटले जनाएको छ । दुर्घटनामा परी घाइते भएका सबैजनाको चन्द्रनिगापुरस्थित चन्द्रपुर हस्पिटल प्राली र सिभिल हस्पिटल प्रा.लिमा उपचार भइरहेको इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले जनाएको छ । घाइतेमध्ये सबैको अवस्था सामान्य रहेको छ । बस चालक धनुषाको जनकपुर उपमहानगरपालिका ७ का राजकुमार मण्डललाई इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले नियन्त्रणमा लिएको छ ।

# भक्तिपूर्वक मनाइयो जानकी नवमी पर्व



**अनिल पोखरेल**
**राजविराज ।**
प्रत्येक वर्ष जस्तै वैशाख शुक्ल नवमी तिथिका दिन मनाइने राष्ट्रिय विभूति सीता उत्पत्ति दिवस एवं जानकी नवमी पर्व शुक्रवार राजविराजमा जानकी नवमीको अवसरमा प्रभातफेरी तथा झाँकी प्रदर्शन गरि श्रद्धा भक्तिपूर्वक मनाइएको छ । मैथिली साहित्य परिषद सप्तरी र मैथिल महिला परिषदको संयुक्त आयोजनामा प्रभात फेरी तथा झाँक्री प्रदर्शन गरिएको हो ।

राजविराज स्थित पविमाबि प्रागंणबाट बाजागाजासहित निकालिएको प्रभातफेरी तथा झाँकी राजविराज नगरपालिकाको विभिन्न भाग परिक्रमा गरेका थिए । जानकी नवमीको अवसरमा मिथिला पहिचान झल्काउने कला संस्कृति तथा जानकी रथयात्रा समेत निकालिएको अध्यक्ष झाले जानकारी दिए । माता जानकीको जन्मोत्सवको अवसरमा मधेश प्रदेश सरकारले शुक्रबार मधेश प्रदेशभरी सार्वजनिक बिदा समेत दिइएको थियो ।

प्रभातफेरी तथा झाँकी प्रदर्शनमा राजविराज नगरपालिकाकी कार्यवाहक मेयर इसरत परविन, छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरी, प्रमुख जिल्ला अधिकारी किरण थापा, सप्तरीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक गजुसिध्दि बज्राचार्यलगायतका विभिन्न सुरक्षा निकायका प्रतिनिधि, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू, विभिन्न पालिकाका प्रमुख, उपप्रमुख लगायतका जनप्रतिनिधिहरू, सामाजिक संस्थाका प्रतिनिधि, मैथिली अभियन्ताहरूको सहभागिता रहेको थियो ।

मैथिली सभ्यताको पहिचान र शानको रुपमा रहेकी राष्ट्रिय विभूति जानकी माताको सम्मान तथा मैथिली भाषा, साहित्य तथा संस्कृतिको उजागर गर्न बल पु¥याउने उद्देश्यका साथ जानकी नवमीको अवसरमा प्रभात फेरी तथा झाँकी प्रदर्शन गरिएको मैथिली साहित्य परिषद राजविराजका अध्यक्ष अबधेश कुमार झाले बताए ।

त्रेता युगमा मिथिलाका राजा जनकले ठूलो यज्ञ गर्दा विधिपूर्वक खेत जोत्ने क्रममा सीता उत्पत्ति भएको कथा रामायण लगायत वैदिक दर्शनका धर्मग्रन्थ एवं पुराणमा वर्णन गरिएको छ । भगवान विष्णुको छैटौँ अवतारका रूपमा अयोध्याका राजा दशरथका पुत्रका रूपमा श्रीरामको जन्मपछि लक्ष्मी सीताका रूपमा उत्पत्ति भएको वर्णन विभिन्न ग्रन्थमा गरिएको धर्मशास्त्र विद्हरूको भनाइ छ । सीता उत्पत्ति भएको यस दिनलाई सीता जयन्तीका रूपमा देशभरका रामजानकी मन्दिरमा विशेष पूजा आराधना गरी यो पर्व मनाइन्छ । जगत जननी माता जानकी प्रकट भएको स्मरणमा जनकपुरधाममा भने जानकी नवमी धुमधामका साथ मनाइने गरिन्छ । एक सातादेखि यहाँका मन्दिरहरूमा विभिन्न धार्मिक अनुष्ठान जारी रहेपनि शुक्रवार वैशाख शुक्ल नवमीका दिन भने बेग्लै चहलपहल र रौनक देखिएको छ । मिथिलाका राजा राजर्षि जनकको राज्यमा खडेरी परेपछि किसानहरूको हौसला बढाउन र वर्षाका लागि इन्द्रदेवलाई आग्रह गर्न स्वयं खेतमा हलो जोतिरहेको अवस्थामा यसै दिन माता जानकी धर्तीबाट प्रकट भएको स्मरणमा जानकी नवमीलाई जानकी जन्मोत्सवको रुपमा श्रद्धाभक्तिपूर्वक मनाइन्छ ।

# पार्टीमा फर्कन अपिल

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले पार्टीबाट अलग भएर गएका नेता कार्यकर्तालाई मूलधारमा फर्किन आह्वान गरेका छन् । यादवले शुक्रबार विज्ञप्ति जारी गर्दै जसपा नेपालबाट अलग भएर गएका नेता कार्यकर्तालाई पार्टीको मूलधारमा फर्किन आव्हान गरेका हुन् ।

उनले भनेका छन्, 'जसपा नेपाल एक विशिष्ट सोच, सिद्धान्त र एजेन्डा बोकेको पार्टी हो । जसले उत्पीडित राष्ट्रियताको मुक्ति, हिमाल, पहाड र तराई–मधेशबीचको पारस्परिक सम्मान र एकता निर्माण गर्न संगठन भएकोले पार्टीको काँधमा रहेको ऐतिहासिक अभिभाराप्रति सचेत रहँदै समाजवादी आन्दोलन, पहिचान, संघीयता र लोकतान्त्रिक गणतन्त्रलगायतका सवालमा प्रतिबद्ध भएर पनि भ्रमवश फरक पार्टीमा जानु भएका साथीहरूलाई गलत बाटो छोडेर आफ्नो मूलधारको जसपा नेपालमा फर्किन आव्हान गर्दछौँ ।'






# विश्वासको मत लिने तयारीमा प्रधानमन्त्री



**मधेशदृष्टि**
**वीरगंज ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले चौथो पटक विश्वासको मत लिने तयारी गरेका छन् । प्रतिनिधिसभाबाट विश्वासको मत प्राप्त गर्नका लागि प्रधानमन्त्री प्रचण्डले संसद सचिवालयलाई जानकारी गराएका छन् । सभामुखका प्रेस सल्लाहकार शेखर अधिकारीका अनुसार प्रधानमन्त्री प्रचण्डले यही जेठ ७ गते विश्वासको मत लिने विषयलाई संसद्को कार्यसूचीमा राख्न संघीय संसद् सचिवालयलाई पत्र पठाइसकेका छन् ।

सरकारमा सहभागी रहेको दल जनता समाजवादी पार्टी (जसपा) नेपाल आफ्नो दल विभाजन भएपछि गत वैशाख ३१ गते सरकारबाट बाहिरिएको हो । संविधानको धारा ७६ को उपधारा (२) बमोजिमको प्रधानमन्त्री दाहाल नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिँदै सरकारबाट बाहिरिएपछि प्रधानमन्त्रीले पुनः विश्वासको मत लिने तयारी थालेका हुन् । संविधानको धारा १०० को उपधारा १ मा प्रधानमन्त्रीले कुनै पनि बखत आफूमाथि प्रतिनिधि सभाको विश्वासको मत छ भन्ने कुरा स्पष्ट गर्न आवश्यक वा उपयुक्त ठानेमा विश्वासको मतका लागि प्रतिनिधि सभासमक्ष प्रस्ताव पेस गर्न सक्ने व्यवस्था छ । यसैगरी उपधारा २ मा प्रधानमन्त्रीले प्रतिनिधित्व गर्ने दल विभाजन भएमा वा सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिएमा तीस दिनभित्र प्रधानमन्त्रीले विश्वासको मतका लागि प्रतिनिधि सभासमक्ष प्रस्ताव पेस गर्न सक्ने भनिएको छ ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड नेतृत्वको वर्तमान सरकारलाई नेकपा एमाले, राष्ट्रिय स्वतन्त्र पार्टी, नेकपा एकीकृत समाजवादी पार्टी र जसपा नेपालबाट विभाजित भएको जनता समाजवादी पार्टीको समर्थन रहेको छ । गत फागुन २१ गते सत्ता समीकरण बदलिएपछि प्रधानमन्त्री प्रचण्डले फागुन ३० गते तेस्रोपटक विश्वासको मत लिएका थिए । त्यतिबेला संसदमा उपस्थित २६८ जना सांसदमध्ये प्रधानमन्त्री प्रचण्डले १५७ मत पाएका थिए । जसमा एमालेको ७६, माओवादी केन्द्रको ३२, रास्वपाको २१, जसपाको १२, एकीकृत समाजवादीको १०, नाउपाको ४ र दुई जना स्वतन्त्र सांसदले विश्वासको मत दिएका थिए । जसपा विभाजन भएपछि जसपा नेपालका ५ जना सांसदले सरकारलाई दिएको समर्थन फिर्ता लिएकाले प्रधानमन्त्रीलाई बाँकी १५२ जनाको समर्थन कायमै छ । प्रधानमन्त्रीले यति चाँडै विश्वासको मत लिन खोज्नुलाई प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले भने शंकाको दृष्टिकोणले हेरेको छ । संसदको गतिरोध अन्त्यका लागि पहल गर्नुको साटो यही अवस्थामा विश्वासको मत लिन खोज्नु प्रधानमन्त्रीको मनसाय सही नभएको नेपाली कांग्रेसका महामन्त्री गगन थापाले प्रतिक्रिया दिएका छन् ।

# बढ्दो गर्मीः अधिकतम तापक्रम ४० डिग्रीमाथि

**मधेशदृष्टि**
**वीरगंज ।**
पछिल्लो केही दिन यता देशका अधिकांश भूभागमा गर्मी निरन्तर बढिरहेको छ । मनसुन गतिविधि सक्रिय हुनुपूर्व तराई मधेशलगायतका भूभागमा निरन्तर गर्मी बढिरहेको जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । देशका कतिपय स्टेशनमा ४० डिग्रीभन्दा बढी तापक्रम मापन भएको छ । महाशाखाका वरिष्ठ मौसमविद् प्रतिभा मानन्धरले वर्षा गराउने प्रणाली नभएको तथा स्थानीय र पश्चिमी वायुको प्रभावले तापक्रम बढेको बताइन् ।

मौसविद् मानन्धरका अनुसार तराई क्षेत्रमा ४० डिग्रीभन्दा माथि तापक्रम पुगेको र अझै बढ्न सक्ने छ । 'तापक्रम निरन्तर बढिरहेको छ । बिहीबार देशका आठ स्टेशनमा ४० डिग्री तापक्रम पुगेको थियो । अहिले पनि तीन÷चार स्टेशनमा ४० डिग्री कटेको देखिन्छ । तराईका लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराईका जिल्लामा निरन्तर तापक्रम बढिरहेको छ' उनले भनिन् । मौसमविद् मानन्धरका अनुसार कपिलवस्तुको तौलिहवा र नेपालगञ्ज, बाँकेको खजुरालगायतका स्थानमा तापक्रम ४० डिग्री कटेको छ । उनले भनिन्, 'पूर्वी भेगमा बादल लागेको अवस्था छ, पश्चिमतर्फ वर्षा गराउने बादल देखिँदैन त्यसैले गर्मी अझै बढ्ने देखिन्छ ।'

मौसमविद् मानन्धरका अनुसार नेपालमा हालसम्म सन् १९९५ जुन १६ मा ४६ दशमलव ४ डिग्री सेल्सियस तापक्रम मापन भएको थियो । उक्त तापक्रम हालसम्मकै उच्च हो । काठमाडौँमा सन् ७ मे १९८९ मा अधिकतम तापक्रम ३६ दशमलव ६ डिग्री पुगेको थियो । तीन दिनयता काठमाडौँ उपत्यकामा गर्मी महसुस भएको छ ।

काठमाडौँमा ३१ देखि ३३ डिग्री हाराहारी तापक्रम मापन गरिएको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ । यो वर्ष औसत र औसतभन्दा बढी वर्षा हुने महाशाखाले जनाएको छ । यो वर्ष जुनको १३ तारिख अर्थात् जेठ ३१ गतेदेखि नेपालमा मनसुन भित्रिने अनुमान गरिएको छ ।

### आगामी दुई दिन गर्मी बढ्ने

विगत केही दिनदेखि देशका अधिकांश भूभागको अधिकतम तथा न्यूनतम तापक्रम क्रमिक रूपमा वृद्धि भइरहेको छ । आगामी दुई दिन अत्यधिक गर्मी हुने र तातो हावा चल्ने जोखिम रहेको जनाउँदै जल तथा मौसम विज्ञान विभागले सावधानी अपनाउन अनुरोध गरेको छ । विभागले बिहीबार अपराह्न जारी गरेको 'तातो दिन तथा तातो लहरसम्बन्धी विशेष बुलेटिन' अनुसार तराईमा धेरै गर्मी र हावासमेत तातो हुनेछ । 'विगत केही दिनदेखि देशका अधिकांश भागको अधिकतम तथा न्यूनतम तापक्रम क्रमिक रुपमा वृद्धि भइरहेको देखिन्छ । सुदूरपश्चिम र लुम्बिनी प्रदेशका तराई भागका केही स्थानमा विगत केही दिनदेखि अधिकतम तापक्रम ४० डिग्री सेल्सियस वा सोभन्दा बढी मापन गरिएको छ' बुलेटिनमा भनिएको छ ।

आगामी केही दिनसम्म देशभरको तापक्रमको अवस्थाको विश्लेषणअनुसार तराईका भूभागमा अत्यधिक गर्मीको सम्भावना रहकाले आवश्यक तयारी गर्नुहुन तथा आवश्यक सतर्कता अपनाउन अनुरोध गरिएको छ । साथै विभागले तातो लहरको असरबाट बच्न गर्मीको समयमा घरभित्र नै रहन, घरबाहिर नजान, हलुका र सुतीका कपडा लगाउन, घरबाहिर निस्कँदा टाउको छोप्ने, टोपी लगाउने, नियमित र पटक –पटक पानी तथा झोल पदार्थ पिउने सुझाव दिएको छ । तातो हावा तथा तातो लहर (लू)बाट थकाई लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेसीहरू दुख्ने, बान्ता हुनसक्ने भएकाले लूबाट बच्न सुझाएको छ ।

# स्वास्थ्यमन्त्रीको स्वागतमा कार्यक्रम



**मधेशदृष्टि**
**वीरगंज ।**
नवनियुक्त स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप यादवलाई वीरगंजमा भव्य स्वागत गरिने भएको छ । पर्साका चिकित्सक तथा स्वास्थ्यकर्मीले आफ्नो जिल्लाका सांसद स्वास्थ्यमन्त्री भएकामा खुशी हुँदै बधाइ ज्ञापन कार्यक्रम आयोजना गरेका हुन् । शनिबार बिहान ९ बजे क्लासिक बैंक्वेटमा कार्यक्रम गरेर स्वास्थ्यमन्त्री यादवको स्वागत गरिन लागिएको हो । जसपा नेपाल विभाजनपछि यादव संघीय सरकारका स्वास्थ्य तथा जनसंख्यामन्त्री बनेका हुन् ।

# कोशी प्रदेशमा मन्त्रिमण्डल विस्तार

**मोरङ ।**
कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले पाँच मन्त्री र दुई राज्यमन्त्री नियुक्त गरी कार्यविभाजन समेत गरेका छन् ।

मुख्यमन्त्री कार्कीले स्वास्थ्यमन्त्रीमा राजेन्द्र कार्की, सामाजिक विकासमन्त्रीमा पाँचकर्ण राई, खानेपानी, सिँचाइ तथा ऊर्जामन्त्रीमा एकराज कार्की, पर्यटन, वन तथा वातावरणमन्त्रीमा नारायणबहादुर मगर, आन्तरिक मामिला तथा कानुनमन्त्रीमा लीलाबल्लभ अधिकारीलाई नियुक्त गरेका छन् ।

यसैगरी मुख्यमन्त्री कार्कीले सिर्जना राईलाई मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको राज्यमन्त्री र बन्दना झाँगरलाई पर्यटन वन तथा वातावरण राज्यमन्त्रीमा नियुक्त गरेका छन् । कोशी प्रदेशका प्रदेश प्रमुख परशुराम खापुङले मुख्यमन्त्री कार्कीको मिति २०८१ जेठ ४ गतेको सिफारिसमा नेपालको संविधानको धारा १६८ को उपधारा (९) बमोजिम वैशाख २७ गते गठित मन्त्रिपरिषद्को कार्यविभाजन नियुक्ति, हेरफेर र कार्यविभाजनसहित शपथग्रहण गराएका छन् ।



प्रदेश प्रमुख खापुङले प्रदेश प्रमुखको कार्यालय विराटनगरमा शुक्रबार साँझ मन्त्री कार्की, मगर, अधिकारी, कार्की र राईलाई पद तथा गोपनीयताको शपथग्रहण गराएका हुन् । यसैगरी मुख्यमन्त्री कार्कीले राज्यमन्त्रीद्वय राई र झाँगरलाई पद तथा गोपनीयताको शपथग्रहण गराएका छन् । यसअघि बिनाविभागीय मन्त्री रहेका रामबहादुर मगरलाई आर्थिक मामिला तथा योजनामन्त्री र गणेशप्रसाद उप्रेतीलाई भौतिक पूर्वाधार विकासमन्त्रीमा कार्यविभाजन गरेका छन् । शपथग्रहण समारोहमा सभामुख अम्बरबहादुर विष्ट, प्रदेशसभाका सचिव गोपालप्रसाद पराजुली, विभिन्न मन्त्रालयका सचिव, सुरक्षा निकायका प्रमुखहरू लगायतका विभिन्न राजनीतिक दलका नेता एवं कार्यकर्ताको उपस्थिति रहेको थियो । रासस

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन